# सानीभेरी गाँउपालिकाको आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

१. **आज म गाउँसभाको यस गरिमामय सदनमा** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको सानीभेरी गाउँपालिकाको अध्याक्षको हैसियतले आर्थिक वर्ष २०७५/०७६ को निति तथा कार्याक्रम पेश गर्न गइरहेकोछु। गाउँ सभा र स्थानीय सरकार गठन भएपछि सानीभेरी गाउँपालिका सरकारको दोश्रो निति तथा कार्याक्रमयो सम्मानित गाउँ सभा र यो सदनमार्फत सानीभेरी गाउँपालिकाबासी आदरणीय जनसमुदाय समक्ष पेश गर्न पाउँदा हर्ष र गौरवको अनुभूति गरेकोछु। यस ऐतिहासिक क्षणमा जनयुद्ध, जनआन्दोलन, जनक्रान्ति र यो सानीभेरी गाउँपालिका अधिकार सहितको स्थानियतह प्राप्तिको आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्दाञ्जली अर्पणगर्दै घाइते र वेपत्ता यौद्धाहरुप्रति हार्दिकसम्मान व्यक्त गर्न चाहन्छु।

२. **सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट**संघ, प्रदेश र स्थानीय तहको चुनाव सम्पन्न गरी तिनैतहका जनप्रतिनिधिहरु दिएकोछ, आपसि समन्वय, सहकार्य र साजेदारी गर्ने मुल्यमान्यतामा आधारित रहि अन्तर सम्वन्ध कायमगर्न गाउँपालिका सरकार हरदम स्पस्ट रहिरहनेछ। नेपालको संविधानले तीन तहको सरकारको प्रबन्ध गरेअनुरुप संवैधानिक अधिकार र कर्तव्यको पालना गर्ने र गराउने कुरामा गाउँपालिका सरकार सजग छ। गाउँपालिका सरकार लोकतन्त्रका आधारभूत मूल्यमान्यताहरु- बहुलवादी खुला समाज, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, प्रेश स्वतन्त्रता र विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका सरकार हरपल प्रयत्नशील रहिरहने छ।

३. **गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई** आत्मसाथ गर्दै गाउँपालिका सरकार सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न दृढ छ। सापेक्षिक तराई, पहाड र हिमाली भूभाग मिलेर बनेको विविधता युक्त यो गाउँपालिका समृद्धि हुनुनैराष्ट्रको समृद्धि हो भन्ने मान्यताका आधारमा गाउँपालिका सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढिरहेकोछ। "मालिक होइन, सेवक हौं" भन्ने मान्यतामा आधारित जनउत्तरदायी सरकार, भ्रष्टचारमुक्त शासन प्रणाली, पारदर्शी, मेहनती र अन्तर सहयोगी राम्रोकाम गर्नुपर्छभन्ने उर्जा शक्ति भएका जनप्रतिनिधि र कर्मचारी प्रशासन समन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई गाउँपालिका सरकारले आफ्नो मार्गदर्शन सिद्धान्त ग्रहण गरेको छ।

४. **नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई** बलियो बनाउने आधारको रुपमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै अधिकार र दायित्वका दृष्टिले मात्र होइन, साधन श्रोतका दृष्टिले पनि तीन तह एकअर्कामा परस्पर निर्भर हुने मान्यतालाई संविधानले स्वीकार गरेको छ। सोही मान्यता अनुरुप "समृद्ध नेपालसुखी जनता" बनाउने संघीय सरकारको उद्देश्य पूरा गर्न गाउँपालिका सरकारले "समृद्ध गाउँपालिकाको खुसी जनता"को लागि "**गुणस्तरिय शिक्षा सहज स्वस्थ्यसेवा र भौतिकपूर्वाधार विकास सानीभेरीको आधार-शुन्दर समृद्ध गाउँपालिकाको लागि पर्यटन कृषि विकास र रोजगार**" को नारा र योजनाबद्ध विकासको बाटोमा अघि बढ्ने अठोट गरेकोछु।

५. **आर्थिक वर्ष २०७५/२०७६ को वजेट तथा नीति र कार्यक्रमको लक्ष्य "समृद्ध गाउँपालिका खुशी जनता"** लाई पछ्याउने गरी उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने, युवा श्रमशक्तिलाई गाउँपालिकामै स्वरोजगारी उपलब्ध गराउन सरकरी, सहकारी र निजी क्षेत्रसंगको साझेदारीमा रोजगारीका अवसरहरु



नरबहादुर पुन
अध्यक्ष

सिर्जना गरी आगामि ४ वर्षभित्र रोजगारीका लागि विदेशिनु पर्ने बाध्यतालाई अन्त्य गर्ने कुरालाई केन्द्रविन्दुमा राखेर गाउँपालिका सरकारको यस नीति कार्यक्रमले संघीयताको कार्यान्यनसँगै सिंहदरबार केन्द्रत अधिकार जनताको घरआगनमा पुर्‍याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

६. **देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठुलो राजनीतिक परिवर्तन** पछि विगतको सामन्ती केन्द्रिकृत राज्य यन्त्रको कुसंस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्पूर्तरुपमा जागृत हुदैगर्दा राजनैतिक जागरणको साथ जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर रुपमा विकसित हुदैआएकोले राज्यको सीमित स्रोत र साधनको समुचित प्रयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पुरि गर्ने प्रयत्न गरिनेछ।समग्र विकासका क्रियाकलापलाई जनताका पक्षमा योजनावद्धरुपमा संचालन गर्न मार्ग निर्देशनको रुपमा नेपालको संविधान २०७२ को अधिकार बाँडफाँडको अनुसूचि ८ मा उललेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा विषयगत अधिकारहरुको सूचिअनुसार व्यवस्था भए बमोजिम, गाउँपालिकाको कार्या जिम्मेवारी नेपालको संविधान, नेपाल सरकार (मन्त्रिपरिषद) वाट स्वीकृत कार्या-विस्तृतिकरण प्रतिवेदन र प्रचलित कानून वमोजिम कार्यान्वयको क्रमाछ।यसै सन्दर्भमा वर्तमान परिवर्तित अवस्थामा जनताले गरेको आशा अपेक्षा कतिपय माग र आवश्यकताहरुको यथोचित संवोधन गरिनेछ। उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्ष ०७४ र ०७५ वजेट विनियोजन र निति तथा कार्याक्रम्मा समावेश गरिएका योजनाहरुको प्रभावकारी कार्यान्वयण अनुगमण र समिक्ष्याको दृष्टिले कति योजना सम्पन्नभए वा निर्माणाधिन र स्तरवृद्धिमाछन जसलाई पहिलो प्राथमित्का कायम राख्दै आर्थिक वर्ष ०७५ र ०७६ मा आम नागरिक, राजनितिकदल, वडा कार्यालयहरु, विषयगत शाखाहरु, राजनैतिकदलहरु, सरकरी तथा गैरसरकारी संघ संस्थाहरुका प्रतिनिधिहरु, बुद्धिजिवि, नागरिक समाज, सञ्चार कर्मि, र विकास सरोकारवालाको सुझाबहरुलाई हृदंयगम गर्दै आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाको एकिकृत विकास रणनीतिक योजना र कार्याक्रम अनुसार वजेट विनियोजन गर्न महत्वपुर्ण आधार लिएकोछु।

७. **सानीभेरी गाँउपालिकाको संक्षिप्त परिचयः** देश संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पश्चात राज्यको पुर्नसंरचनाले भौगोलिक तथा प्रसासनिक रुपले नेपाल ७ प्रदेश र ७५३ स्थानिय तहमा स्थापना भएकोछ। यस अन्तर्गत कर्णाली प्रदेश रुकुम (पश्चिम) सानीभेरी गाउँपालिकामा सविक ५ गा.वि.स.(सिम्ली,गरायला,अर्मा, पुर्तिमकाँडा र दुली) सहित भौगोलिक अवस्थाको कुल क्षेत्रफल-१३३.८० वर्ग मिटरमा फैलियको सापेक्षिक समुन्द्र सतहदेखी तराई, पहाड र हिमाली भागमा रहेकोछ। निर्वाचन आयोगको तथ्याङ्क अनुसार-२२,१९४ जनसंख्या र प्रशासनिक दृष्टिले ११ वटा वडामा विभाजन भई मतदाता संख्या ११,२६६ रहेको दुर्गम गाउँपालिका सानीभेरीका जनताको असिमित त्याग, वलिदानी, परिवर्तनकामी उर्जा शक्ति र मध्यपहाडी लोकमार्गले गर्दा क्रमस सुगम गाउँपालिका तिर विकासको प्रक्रियामा छ।

८. **सानीभेरी गॉउपालिकाको एकिकृत विकास रणनीति योजना कार्यक्रमका विशेषताहरुः** सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तरगत विभिन्न विषयहरुःशिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्वन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदीवासी जनजाती, अल्पसंख्यक आदी), कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तिय क्षेत्र, सडक तथा पुल, सिंचाई, भवन तथा सहरी



नरबहादुर पुन
अध्यक्ष

विकास, उर्जा, सञ्चार, वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन र वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय समग्रक्षेत्रमा सुशासन तथा संस्थागत विकासका दृष्टिले पछाडि परेको सानीभेरी गाउँपालिकालाई विकास र समृद्धको एकिकृत विकास रणनीति योजनाको मुलप्रवाहमा ल्याई समृद्धको र विकास लक्ष्य हाँसिल गर्नेछ।

९. **एकिकृत विकास रणनीतिक योजनामा केन्द्रकृत परिचालनः** एकिकृत विकास रणनिति योजनामा विध्यमान संविधान र स्थानीय सरकार संचालन ऐनको अधिनमा रहि संघ, प्रदेश र वडा सरकारसंग सहकार्य समन्वय र साझेदारी कामलाई प्रभावकारी बनाइनेछ। संविधान अनुसार व्यवस्थापकिय रुपमा रहेको गाँउ सभा, सरकारको रुपमा रहेको गाँउ कार्यपालिका र अर्ध न्यायीक रुपमा रहेको न्यायपालिकालाई अन्तर सम्बन्ध, सहकार्य र सन्तुलित रुपमा परिचालित गरिनेछ। जनताबाट निर्वाचित जनप्रतिनिधि र स्थानीय सरकारका कर्मचारीहरुले गाँउपालिका सरकार र जनाताको हितलाई केन्द्रमा राखी सेवा प्रभावको काममा परिचालित हुनुपर्नेछ। यसैगरि राजनितीक दल, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ संस्थाहरु, संचार कर्मि, किसान-मजदु र युवा, महिला, दिलित, जनजाति, ब्यापारी-उद्योगपति र विभिन्न व्यवसायहरुलाइ परिचालन गरिने छ।

१०. **आर्थिक वर्ष २०७४/०७५ को चालु योजनाको संक्षिप्त समिक्षा :** सविधान कार्यान्वयन, स्थानीय सरकार सञ्चालन गर्न आन्तरिक कार्यदिश र स्थानीय सरकार सञ्चालन ऐन, तीनै तहको निर्वाचन पछि गाँउ सभा र सरकार गठन, वार्षिक कामको योजना, कार्यन्वयण, अनुगमण र समिक्ष्य गर्दा संविधान र संविधानको अनुसूचीले दिएको एकल अधिकारलाई कार्यन्वयणगर्ने संबैधानिक अधिकारको समिभित्र रही जनाताले आशागरे अनुसार सामाजिक विकास, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासलाई संवोधन गर्ने गरी विभिन्न ऐन, कानून र विनियोजन ऐन निर्माण, बजेट र नीति तथा कार्यक्रम जनाताको प्रत्यक्ष सहभागिता र आर्थिक गतिविधिहरुमा सहयोग पुग्नेगरी कानून बमोजिम मापदण्डमा रही कार्यान्वयन गर्दा प्रारम्भमा स्थानीय सरकार सञ्चालन गर्न अनुभबको कमी, संघीय गणतन्त्र पछी ऐतिहासिक चूनावी वर्षको प्रभाव, विधिगत र व्यवहारीक रुपमा बजेट निर्माण र योजनाको प्राथामिकरण र कार्यान्वयन गर्ने सन्दर्भमा जनप्रतिनिधि र कर्मचारीहरुको अनुभवको कमीले गर्दा सुरुका दिनहरुमा केही समस्या भएता पनि त्यसवाट शिक्षा लिएर आगामि दिनमा सरकारका हरेक कामहरुलाइ प्रभावकारी वनाइनेछ।

आर्थिकर विनियोजन ऐन अनुसार राजस्व, समानीकरण र सशसर्त अनुदान बजेटलाई नीति तथा कार्याक्रम र योजना विनियोजन गर्दा अनुभवको कमिले विधि, प्राथमिक्ता र व्यवहारिक र सरल ढंगले विनियोजन नहुदा शिर्षक र रकम रकमान्त्रणको आर्थिक जोखिमताले रकम विनियोजन भएका कतिपए योजनाहरु भने जस्तै काम गर्न नसकेतापनि विभिन्न चुनौतिको विचमा चालुयोजनाको ८२.४७ प्रतिशत भुत्तानी हुनुले सकरात्मक उपलब्धिका रुपमा लिएकोछु। पुरानै स्वच, कार्यशैली र संस्कारको पृष्टभुमीमा तदनुसार उपभोक्ता समिति कर्मचारी र जनप्रतिनिधिहरुको समग्र विकास निर्माणको उन्नत संस्कार रुपान्तरणको नयाँ अभियाणमा छौ। एकाद घटना वहायक नागरिक समाज र जनताहरुबाट समयमा भुक्तानी नभएको भन्ने जनगुनासो वहायक जन प्रतिनिधि र कर्माचारीहरु कुनै पनि भष्ट्रचारमा नमुछिउन भन्ने सशक्त सुझाव आएकोछ, यसको नेतृत्व युवाहरुवाट गरिएको छ र गर्नु पर्छ भन्ने हाम्रो सुझावपनिछ।



नरबहादुर पुन
अध्यक्ष

यस बर्षको सकरात्मक र महत्वपुर्ण पक्ष भनेको गाँउपालिको विकास निर्माणको काम सिमित स्रोत, साधन र बजेटबाट प्रशंसा गर्ने लायिक सडक निर्माण लगायतका उदारहनीय कामले हाम्रो विकास सम्बन्धि पूरानो स्वच भत्किएर नयाँ चेतना पैदा गर्नु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ सस्थाहरुको पुरोनो काम गर्ने शैली अस्तित्व रक्षाको लागि पनि वदलिएकोछ, विगतमा हुने गतिहिन विकास कार्या तिव्र गतिमा अगाडी बढेकोले सबैलाई रुपान्तरणगर्न नयाँ संस्कारको विकास भएको छ।

राज्यको बजेट, प्राकृतिक श्रोत साधन र मानविय उर्जा शक्तिलाई गाँउपालिको विकास निर्माणमा अधिकतम परिचालन गर्ने क्रममा शिक्षा, स्वस्थ खानेपानी तथा सरसफाइ मानव तथा संसाधन विकास, कृषि उद्योग, सहकारी तथा पर्यटन र सडक, सिचाई, उर्जा, संचार भवन तथा सहरी विकास लगायत बन तथा वातावरण तथा विपद व्यवस्थापनलाई क्रमश प्राथामिक्ता दिएर आर्थिक वर्ष २०७५/०७६ को निति तथा कार्याक्रम ल्याएकोछु।

११. **गाँउपालिका प्रति रहेको जनताको आशा र भरोसालाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा** उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास गर्नु हो। यसर्थ आत्मनिर्भरता,स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको उपयुक्त साजेदारी गरी अगाडि बढन गाँउपालिका सरकार प्रतिवद्धछ। संघीय लोकतन्त्रको आधार स्तम्भको रुपमा रहेको गाँउपालिका सरकारले संघीयता र गणतन्त्र कार्यान्वयन गर्न समृद्ध नेपाल खुसी जनताले आफ्नो गाउँ आफै बनाउन सिंहदरवार केन्द्रित जनताको अधिकार गाँउमा ल्याई जनताले आफ्नो सत्ताको मोडेल अनुसार आफ्नो गाउँको विकासमा जनताको प्रत्यक्ष र सघन सहभागितामा आर्थिक विकास गर्नुपर्दछ। सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई प्रणालीबद्द गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने सरकारको प्रतिबद्धता रहेको छ।

१२. **बजेटका उद्देश्यहरुः** गाँउपालिका सरकारको आधारभूत अङ्गका रुपमा रहेको गाँउ सभा र कार्यापालिका सरकारसामू विभिन्न प्रकृतिका चुनौती र संभावना रहिआएतापनि मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध राज्यको वजेटलाइ भरपूर उपयोग गर्नेगरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकोछु।

क) संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गररे गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, साधन-स्रोत, अवसर र क्षमताले मानवीय विकास गरी सामाजिक, आर्थिक, पूर्वाधार विकासले समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने।

ख) गणतन्त्र र संघीयता कार्यान्वयन गर्न नेपालको विध्यमान संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार तथा कार्य विस्तृतीकरणमा उल्लिखित अधिकार र कार्यक्षेत्रको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

ख) दीगो, समावेशी तथा गरिबी निवारणउन्मूख कार्यक्रममार्फत गाँउपालिका जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

ग) गाँउपालिका समग्र विकास र समृध्दिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने, गाँउपालिका द्वारा प्रदान गरिने सेवामा जनताकोको स्वामित्व र पहुँच वृध्दि गर्ने।



नरबहादुर पुन
अध्यक्ष

घ) कृषि, सहकारी, उद्योग,पर्यटन, वन, जडिबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृध्दि र रोजगारीका अवसरहरु सृजना गर्ने।

ङ) भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने।

१३. **बजेटका प्राथमिकताहरुः** चुनौती पुर्ण सिमित स्रोत साधन र संभावना युक्त असिमित जनताको चाहाना-इच्छ-आकांक्ष अनुसारको माग भैरहेको विध्यमान अवस्थामा **"जग बलियो नभइ घर बलियो हुदैन"** भन्ने मान्यताका साथ समृध्द गाँउपालिका निर्माणका लागि कार्यान्वयनगर्न योग्य बजेट निर्माण गरी गाँउपालिका सरकार मार्फत कार्यान्वयनमा लैजाने गरी बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेकोछु।

(क) संविधान अनुरुप संघीय गणतन्त्र कार्यान्वयन गरिनेछ।

(ख) सामाजिक विकासः शिक्षा, स्वस्थ्य, खानेपानी तथ सरसफाईको विकासमार्फत दुत्रगतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धनगरिनेछ।

(ग) आर्थिक विकासः कृषि, सिचाइ, उर्जा, सहकारी, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पुँजी, प्रविधि र अन्वेषणको विकासले सबै जनतालाई काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धनगरिनेछ।

(घ) भौतिक पुर्वाधारः सडक, भवन तथ शहरी विकास र उर्जा क्षेत्र सुविधाको अवसर, रोजगारीको र अवसर सिर्जना गर्न यी क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) वातावरण तथा विपद व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन तर्फ सुन्द्रर वातावरण र अनुकुलनिय अवसर सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

(च) सुशासन तथा संस्थागत विकाः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय क्षेत्रहरुको प्रवर्द्धन गरिनेछ।

१४. **बजेट विनियोजनको आधार तथा स्रोतको व्यवस्थाः** अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्था सम्बन्धी प्रस्ताव पेश गर्न गएकोछु। नेपालको संविधान अनुसूची ८ र ९ मा उल्लिखित गाँउपालिका सरकारको एकल तथा साझा अधिकार क्षेत्रभित्ररही वजेट विनियोजनको मापदण्ड हुनेछ। गाँउपालिकाको आर्थिक वर्ष २०७४ र ०७५ मा गाँउसभावाट पारित भएर विनियोजन ऐनमा समावेस गरेका आवधिक र रणनीतिक योजना-शिक्षा, स्वस्थ्य र निर्माणधिन अवस्थामा रहेका भौतिक पुर्वाधार विकासहरु, साविक स्थानिय निकायको लागि नेपाल सरकारको विषयगत मन्त्रालयका क्रमागत योजनाहरु तथा नेपाल सरकारले तयगरेको राष्टिय मापदण्डका कार्याक्रम गर्नुभनी सशर्त अनुदान कार्यन्वयन गर्न विस्तृत कार्यसूचीका योजनाहरु, आर्थिक वर्ष २०७५ र ०७६ मा वस्ति स्तरवाट तर्जुमाभै वडा समिति वैठकले प्राथमिक्ताको आधारमा योजना तर्जुमा समितिमा पेशभै कार्यापालिकामा पेशगरेका समग्र योजनाहरु र प्रदेश सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साजेदारीको लागि संपुरक योजनाहरु छनोटका उपयुक्त आधार भएकोले तदनुसारका योजनामा रकम विनियोजन गरिनेछ। बजेट निर्माणमाको क्रम्मा माननीय प्रतिनिधि र प्रदेशसभा सदस्यज्यूहरुका महत्वपुर्ण



नरबहादुर पुन
अध्यक्ष

सुझापहरु, आर्थिक वर्ष २०७४ र ०७५ को वार्षिक समिक्षा र सुझापमा आएका मननयोग्य सुझापहरु र जनप्रतिनिधि र कर्मचारी ज्युहरुका सुझावहरुलाई निति, वजेटतथा कार्याक्रम तर्जुमा गर्ने मार्गदर्शन सिद्धान्तको रुपमा लिएकोछु।

यस आर्थिक वर्षमा गाँउपालिकाले राजस्व असुली सम्बन्धी अलग कानून तर्जुमा नभएतापनि गत स्थानिय सरकार सञ्चालन ऐन अनुसार गाँउपालिका सरकारको वित्तिय क्षेत्र अधिकारको सिमा भित्ररही आर्थिक वर्ष २०७४ र ०७५ मा गाँउसभावाट पारित भएको आर्थिक र विनियोजन ऐनमा राजस्व संकलन तथा असुली कार्यको अनुभव, राजस्व परामर्श समिति र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले दिएको सुझापलाइ कार्यपालिकामा गंभिर वहस गरियो। गाँउपालिका सरकार आत्मनिर्भर र सवलिकरणको महत्वपुर्ण पक्षभनेको आफनो आर्थिक स्रोतको पहिचानगरी प्रगतिसिल करको दायरा फराकिलो र जनसहभागिता सहितको करको दर निर्धारण गरी गाँउसभावाट पारित गर्न सकिने आन्त्रिक श्रोतको अनुमान राजस्व, गत वर्षको मौज्दात रकम, संघीय सरकार प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान रकमलाई प्राथमिक्ता र आवश्यक्ताको आधारमा विनियोजन गरेकोछु।

कार्यपालिकाको व्यापक छलफल पश्चात आ.व. ०७५/०७६ पुजिगत तर्फको १ तिहाइ बजेट विनियोजनका बैज्ञानिक आधारको विश्लेषण गर्दा संघिय आर्थिक नीतिलाई अध्ययन गरी जनसंख्याको सूचाङ्कको आधारमा सबै वडाहरु, न्युन विकास सूचाङ्कको आधारमा वडा नं. ५ र ६ र मानव विकास न्युन सूचाङ्कको आधारमा वडा नं १ र २ लाई आधार मानेर वडाहरुले आफ्नो सापेक्षतामा कही बजेट विनियोजन गर्ने गरी निति तय गरेकोछु।

सानीभेरी गाँउपालिका सरकारको आर्थिक स्रोत पहिचान र व्यवस्थापनको सन्दर्भमा संक्षिप्त जानकारी गर्नुपर्दा- संघिय सरकारवाट समानीकरण अनुदानः रु. ८ करोड २४ लाख, संघिय सरकारवाट राजस्व बाडफाडको अनुदानः रु. ६ करोड ४५ लाख, संघिय सरकारवाट शसर्त अनुदान रु. ११ करोड ६६ लाख २९ हजार, प्रदेश सरकारवाट समानिकरण अनुदानः रु. ५२ लाख ७७ हजार, गाउँपालिका सरकारको गत वर्षको मौज्दात रु. ४ करोड ९१ लाख सामाजिक सुरक्षा भत्ता रु. २ करोड ३० लाख, आन्त्रिक श्रोत (राजस्व) ५० लाख), आशा प्रोजेक्ट र रुकुमेली समाज विकास केन्द्र लगायत संघ सस्थाहरुवाट रु. २ करोड, बहु क्षेत्रीय पोषण रु. १४ लाख ४४ हजार, LGCD रु.१५ लाख, सम्भावित तथा विशेष अनुदान रु. १ करोड ३८ लाख गरी आर्थिक वर्ष ०७५/०७६ को अनुमानीत आय रु.३८ करोड २६ लाख २२ हजार अनुमान गरिएकोछु।

संघीय सरकार वाट प्राप्त अन्तरसरकारी वित्तीय हस्तान्त्रण सशर्त अनुदान रकम सम्बन्धित शिक्षा क्षेत्रको सबै तहका विद्यालय र कर्मचारीहरुको तलब र प्रशासनिक खर्च, विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तरगत ५७ वटा क्रियाकलापहरु तर्फ रु. ९ करोड ७५ लाख ६९ हजार, प्राथमिक स्वास्थ्य चौकी कार्याक्रम, राष्टिय स्वस्थ्य शिक्षा, सूचना तथा संचार सेवा, एकृत स्वास्थ्य कार्यक्रम र क्षयरोग नित्रन्त्रण लगायत ६८ वटा कृयाकलापहरुको लागि रु. १ करोड ४६ लाख ३४ हजार विनियोजन गरेकोछु। कृषि र पशु कार्याक्रमतर्फ ७ वटा क्रियाकलापकोलागि रु. २१ लाख १० हजार, वन तथा वातावरणीय सरसफाई तर्फ ३ वटा क्रियाकलापहरुको लागि ४ लाख ५३ हजार, समाज कल्यान- जेष्ठनागरिक, वालवालिका, महिला तर्फ १५ वटा क्रियाकलापहरुको लागि ८ लाख ८८ हजार र राष्टिय ग्रामीन तथ नवीकरणीय उर्जाकार्याक्रम तर्फ ५ वटा क्रियाकलाहरुको लागि रु. ९ लाख ७५ हजार रकमलाई



नरबहादुर पुन
अध्यक्ष

कार्यविधि अनुसार सोहि कृर्याकलापहरुमा खर्चगर्नेगरि विनियोजन गरेकोछु। यो रकम सम्बन्धित विषगत कार्यालयहरु मार्फत गाउँपालिकाको प्रत्यक्ष नियन्त्रण निर्देशन र समन्वयमा खर्च गरिनेछ।

गतवर्षको बजेट परिचालन र प्रभावकारी अनुभवका आधारमा चालु आ.व. २०७५/०७६ मा सबै योजनाहरु उपभोक्ता विचमा गठन भएको श्रम सहकारी संस्था मार्फत कार्यन्वयन गर्ने र गतवर्षका योजनाहरुको कार्यान्वयनका क्रममा लिने गरेको २ प्रतिशत धरौटी रकम खारेज गरी अव उप्रान्त भुक्तानी गर्दा १० प्रतिशत फरफारक रकम कट्टी गरी भुक्तानी दिईने छ र त्यसरी कट्टी गरिएको रकम ६ महिना पछि प्रभावकारीताका आधारमा फिर्ता गरिनेछ। साथै प्रत्यक योजनाको स्टामेट वाट ५ प्रतिशत कन्टेन्जेन्सी खर्च कटौती गरी नियम संगत खर्च गरिनेछ।

## सामाजिक विकास

१५. **शिक्षा क्षेत्रः "सानीभेरी गाउँपालिकाको शानःशैक्षिक गुणस्तर र सिकाइ उपलव्धिमा सुधार" भन्ने नार** र वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, सानीभेरी गाउँपालिका क्षेत्रका विद्यालय उमेर समूहका बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक, वैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सीपयुक्त शिक्षाको पहुंच सुनिश्चित गर्दै दक्ष, आत्मनिर्भर र सक्षम नागरिक निर्माण गर्ने" दीर्घकालीन लक्ष्य हाँसिल गर्न शिक्षा क्षेत्रमा गुणस्तर सुधार गर्न प्रविधिको प्रयोगको योजना सहित निम्नवमोजिम कार्ययोजना र वजेट विनियोजन गरेकोछु ।

क- शिक्षक करार अनुदान तर्फः बालविकास ४८ वटा, आधारभूत तह (१-५): २३ वटा, आधारभूत तह (६-८): ३६ वटा, माध्यमिक तह (९-१०): २२ वटा, माध्यमिक तह (११-१२): १ वटा विद्यालय, प्राविधिक शिक्षाः २ वटा विद्यालयमा शिक्षक करार दरवन्दी सिर्जनागरी आवश्यक वजेटको व्यवस्था गरेकोछु।

ख- रुकुम (पश्चिम) प्रतिनिधि सभाको सदस्य श्री जनार्दन शर्माज्युको नेतृत्वमा प्रदेशसभाका सवै माननीय सदस्यज्युहरु, स्थानीयतहका सवै प्रमुखज्युहरुको उपस्थितिमा जिल्ला समन्वय समिति रुकुम(पश्चिम) को आयोजनमा शिक्षामा गुणस्तर सुधारगर्न विषेश शिक्षा वैठकको योजनालाई कार्यापालिकाको प्रस्ताव अनुसार सानीभेरी गाँउपालिका अन्तरगत ४५ वटा विध्यालय र ४८ वटा वालविकस लाइ गुणस्तर परिनाम देखिनेगरी काम गर्न शिक्षामा प्रविधि र प्राविधि प्रयोगको लागि आवश्यक जनशक्ति, प्रविधि, सफ्टवयर र हार्डवयर खरीदगर्न आवश्यक वजेटको व्यवस्था गरेकोछु।

ग- गापाको नमूना विद्यालय तर्फः नेपाल सरकारले नमुना छनोट गरेको रासी ज्ञानोदय मावि सिम्ली लाइ समर्थन गरी नमुना अनुदान र सानीभेरी शिक्षा क्याम्पस सिम्लीलाइ सहयोग अनुदान दिन आवश्यक वजेटको व्यवस्था गरेकोछु।

घ- आवश्यक अन्यक्षेत्र तर्फः शैक्षिक प्रोफायल निर्माण, प्र. अ. बैठक सञ्चालन, विद्यालय स्तरीय परीक्षा सञ्चालन, शिक्षा समिति वैठक सञ्चालन खर्च, दैनिक प्रशासन सञ्चालन, कम्प्युटर र प्रिन्टर खरिद, विधयालय तथा परिक्षा अनुगमन, र वहुप्राविधिक शिक्षालय संभावना अध्ययन तथ रणनीति योजन निर्मान कार्याक्रमको लागि आवश्यक वजेटको व्यवस्था गरेकोछु।



नरबहादुर पुन
अध्यक्ष

घ- वडागत वजेट विनियोन गर्दा वडाहरुको आवश्यक्ता अनुसार वालविकास भवन निर्माण, भवन मर्मत, कोठा व्यवस्थापन, विज्ञान तथ शैशिक समाग्री खरीद, तार-जाली र घेरावार व्यवस्थापन निर्मान कार्याक्रम तर्फ आवश्यक वजेटको व्यवस्था गरेकोछु।

ङ- सशर्त अनुदान तर्फ शिक्षा क्षेत्रको सवै तहका विद्यालय र कर्मचारीहरुको तलव र प्रशासनिक खर्च, विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तरगत ५७ वटा क्रियाकलापहरु तर्फ आवश्यक वजेटको व्यवस्था गरेकोछु। **शिक्षाक्षेत्रमा समग्र वजेट रु. १६ करोड ४ लाख ८६ हजार विनियोजन गरेकोछु।**

१६. **स्वास्थ्य क्षेत्र : स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच र गुनस्तर सुनिश्चित गर्ने उद्देश्यराखी वजेट वाँडफाँड गरेकोछु, जसअनुसारः**

क- करार स्वास्थ्य कर्मचारीहरु- ल्याव टेक्निसियन १,ल्याव असिस्टेन्ट १, डार्करोम असिस्टेन्ट १, अ.न.मि. ५, अ.हे.व. ५, कार्यालय सहयोगि १० जना गरी २३ वट पदको दरवन्दी सिर्जना गरेर यसको लागि आवश्यक वजेट व्यवस्था गरेकोछु।

ख- स्वस्थ्य क्षेत्रमा गरिने सवै कृयाकलापहरु तर्फः औषधि खरिद,एम्बुलेन्स खरिद,सेवा प्रवाहतर्फ विभिन्न जनचेतनामुलक कार्यक्रम, महामारी नियन्त्रण तथा सुत्केरीहरुको लागि, चारपटक गर्भवति जाँच तथा संस्थागत सुत्केरी प्रोत्साहन, गरायला स्वास्थ्य चौकी अन्तर्गत वर्थिङ्ग सेन्टर स्थापना, कुपोषण व्यवस्थापनको लागि स्वस्थ वालक पुरस्कार, स्वास्थ्य चौकी पूर्तिमकाँडा, दुली, अर्मा र गरायला मर्मत सम्हार तथा आवश्यक व्यवस्थापन, स्वास्थ्य चौकी सिम्ली भाडा तथा ल्याप र डार्क रुम व्यवस्थापन, गाँउपालिका स्तरमा कर्मचारीको क्षमता अभिवृद्धि तालिम सञ्चालन, कर्मचारी तथा संस्थाको उत्कृष्ठता सम्बोधनको लागि पुरष्कार, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खर्च, औषधी सामाग्री भण्डार व्यवस्थापन तथा मसलन्द, अनुगमन तथा सुपेरिवेक्षण भ्रमण खर्च, माशिक, त्रैमाशिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठी र पावर व्याकअप (UPS) यसको लागि आवश्यक वजेट व्यवस्था गरेकोछु। सशर्त वजेट वाट प्राथमिक स्वास्थ्य चौकी कार्याक्रम, राष्टिय स्वस्थ्य शिक्षा, सूचना तथा संचार सेवामा, एकृत स्वास्थ्य कार्यक्रम र क्षयरोग नित्रन्त्रण लगायत ६८ वटा कृयाकलापहरुको लागि रु. १ करोड ४६ लाख ३४ हजार सहित **यसक्षेत्रमा समग्र वजेट रु. २ करोड २९ लाख १४ हजार जिनियोजन गरेकिछु।**

स्वस्थ्य क्षेत्रमा सिम्ली, गरायला, अर्मा, दुली र पुर्तिमकाँडा ५ वटा दरवन्दी सहितका स्थायी स्वस्थ्य चौकी चलिआएतापनि साविक पुर्तिमकाँडा गा.वि.स.को स्वस्थ्य चौकिको आर्थिक वर्ष ०७४ र ०७५ देखी स्वस्थ्य चौकी सम्वन्धि कुनैपनि रकम नआएकोले माग गर्दापनि संघवाट तलव भत्ता आएकोछैन यसको लागि प्रतिनिधि सभा सदस्यज्यु मार्फत विशेष पहल गरिनेछ।

१७. **खानेपानी तथा सरसफाईः** गाँउपालिकामा खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। खानेपानीमा महसुल निर्धारण, सेवा व्यवस्थापन, आवस्यक्तालाई पुरागर्न पुनःश्रोतको नकसाङ्कण गरी नभएको ठाँउमा पहिलो प्राथमित्ता र निर्माणधिन योजनालाई पुरागरिनेछ।सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संसक्षण गरी १ घर १ धारा (गाँपालिका, प्रदेश र संघीय सरकार धारा तोकी) को दीर्घकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुनेगरी खानेपानी योजना निर्माण, मर्मत, विस्तार, घैटो कार्याक्रम, मुलसंरक्षण र पोखरी निर्माण लगायत **यसक्षेत्रमा वजेट रु. ८७ लाख ५५ हजार विनियोजन गरेकोछु।**



नरबहादुर पुन
अध्यक्ष

सरसफाई तथा फोरमैला व्यवस्थापनः पूर्ण सरसफाइका विषय तथा सूचकहरुः (चर्पीको प्रयोग, साबुन पानीले हात धुने बानी, सुरक्षित पानीको प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा घर आँगन सफा वातावरण र एक घर एक करेसावारी ) कार्यान्वयण पूर्ण सुआहारा र रुकुमेली समाज विकास केन्द्रको साजेदारीमा कार्यक्रम सञ्चालन भइ पुर्ण सरसफाई उन्मुख घोषणा भएका र त्यो दिशामा अगाडी वढेका वडाहरुलाइ कार्याक्रमको निरन्तरता र दिगोपना ल्याइ सरफाई र सभ्य संस्कारको विकास गर्न फोरमैला व्यवस्थापनका लागी चाइनावगर वजार, गिठाकोट जिउला वजार , वलिवाङ्ग वजार, पेदी वजार , सिम्ली वजार (वारी-पारी) पुर्ण सरसफाइ उन्मुख टोल हाँसिवाङ्ग, पुर्ण सरसफाइ टोल उन्मुख फुक्रुटाकुरा सहित गापामा वातावरण सरसफाइ सम्बन्धी निर्माण कार्यहरु गर्नेगरी यसक्षेत्रमा वजेट रु. ८ लाख ५५ हजार विनियोजन गरेकोछु।

१८. **संस्कृति र संस्कारवारेः** संस्कृति, भाषार ललितकलाको संरक्षण. प्रवर्द्धन र विकास सम्बन्धी गाँउपालिकाको नीति, कानून, मापदण्ड निर्माण गरी योजनाकार्यान्वयन र नियमन गरिनेछ। पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,परम्परागत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,जनजाति आदिवासिको संस्कृतिको रक्षा एवं विकास गर्ने, छुवाछूत, भेदभावपूर्ण संस्कार विरुद्ध साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ। लोक सस्कृतिको रक्षा र विकास गर्नेगरी यसक्षेत्रमा- स्थानीय कला संस्कृति प्रर्दशन तथा प्रर्वद्धन, हुसुखोला शहिद गेट र प्रतिक्षालय निर्माण, मगररांजा जनजातीको पापिनीमेला प्रर्वद्धन, वडा नं. २ परियार टोल पंचेबाजा, नाच संरक्षण र ड्रेस, सानिभरी मौराखारा गोरिल्ला माराथन डौड फागुन १ को कार्याक्रम सहित **यसक्षेत्रमा समग्र वजेट रु. १२ लाख ५० हजार जिनियोजन गरेकोछु।**

१९. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**"बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, जेष्ठ नागरिक, अपाङ्गता, अल्पसंख्यक" वर्ग र क्षेत्रलाई राज्यको मुल प्रभामा शसक्त प्रतिस्पर्दाकोलागी विकास गर्न प्रवर्द्धन, क्ष्यमताको विकास, आय-आर्जन गर्न सिपमुलक तालिम गरिनेछ।

क) **बाल मैत्रि स्थानिय शासन** निर्माणकोलागी सानीभेरी गाउँपालिकाले बाल अधिकारको संरक्षण सम्बन्धी निति, कानून लाई पालनगरी वाल संरक्षण नीति,वाल कलव/सञ्जाल गठन कार्यविधि, वाल विवाह न्यनिकरण रणनीति योजना र वालउद्धार कोष निर्देशिका कानून पासगरेकोले दृढता पूर्वक कार्यान्वायन गरी बालबालिकाहरूको अधिकार संरक्षण र प्रवद्र्धनका लागि निम्न कार्या गरिनेछ :

- वालमैत्री स्थानीय शासन अवलम्वन गर्दै गाउँपालिका अन्तर्गतका वडालाई बालविवाह, छुवाछुत तथा भेदभाव मुक्त, अनिबार्य तथा निशुल्क आधारभूत शिक्षा,पुर्णखोप, पुर्णजन्म दर्ता, पुर्ण साक्षर लगायतका बालमैत्री स्थानीय शासनका सूचक पुरा गरी वडाहरुलाई क्रमशः बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ।
- गाउँपालिकामा विभिन्न जोखिममा रहेका बालबालिकाहरूको तथ्याङ्क संकलन, विश्लेषण र अध्यावधिक गर्ने पद्धतिको स्थापना गर्ने, वडास्तरमा गठन हुने र गठन भएका बाल संरक्षण समितिहरुलाई वाल अधिकारको संरक्षण र प्रवर्धनका लागि सक्रीय बनाउन प्रोत्साहित गरिनेछ।
- गाउँपालिकाको योजना, नीति तथा निर्णय निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण वाल सहभागिता सुनिश्चित गर्ने, बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा, दुव्र्यवहार, शोषण हुन नदिनका लागि बाल संरक्षण नीति तयार गरीएकोले लागु गर्दैगाँऊपालिका अन्तर्गतका वस्तीहरुमा



नरबहादुर पुन
अध्यक्ष

गठन हुने वाल क्लवहरु, वडा तथा पालीकास्तरीय वाल सञ्जालहरुको आवश्यक क्षमता विकास गरी स्थानीय तहका हरेक संरचनाहरु बालमैत्रि र वाल-बालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ।

- अपाङ्गतामा भएका सबै बालबालिका हरूलाई अपाङ्गता परिचय पत्र, आवश्यक सहायता सामग्री र जीवनोपयोगी सीप दिई अनिबार्य विद्यालय भर्ना गर्ने, विद्यालय तथा समुदाय स्तरका विभिन्न कार्यक्रमहरुमा विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरु समावेश गरी सञ्चालन गर्ने, जोखिमपूर्ण अवस्था र श्रममासंलग्न बालबालिहरूको तत्काल उद्दार, सहयोग र संरक्षणका लागि गाँऊ तथा वडास्तरमा वाल कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ। गाँऊ तथा वडामा निर्माण हुने बिभिन्न नीति, योजना प्रक्रिया र भौतिक पुर्वाधारहरूलाई वाल संवेदनशिल एवं बालमैत्री वनाइनेछ।
- आमावुवा विहिन, अपागंता भएका बालबालिका हरुलाई विशेष संरक्षण स्याहार र शिक्षाको अवसर सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन सहित विद्यालय तथा परिवारमा वालमैत्री वातावरण सृजना गर्न शिक्षक तथा अभिभावक हरुमा सकारात्मक अनुशासन सीप विधिको प्रवर्धनमा जोड दिइनेछ। **यसको लागि वजेट २० लाख ८१ हजार विनियोजन गरेकोछु।**

ख) **महिला विपन्न र पिछडिएका समुदायलाई प्रवर्द्धन,** सिपमुलक तालिम तथा उद्यमशीलता विकासमार्फत काम र रोजगारीका अवसको पहुँच पुऱ्याई स्वआय-आर्जनमार्फत आत्मनिर्भर बनाइनेछ। **यस अन्तरगत १० लाख ९५ हजार रकम विनियोजन गरेकोछु।**

ग) **युवा तथा खेलकुद विकासः** युवा विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा र तालिम गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षामा परिचालन, सहभागिता र नेतृत्व विकास, बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ। सानीभेरी गाँउपालिका एकिकृत विकास कार्यक्रमको मेरुडण्ड युवाहरु हुन र हरेक क्षेत्रमा युवाहरुको नेतृत्व, सह भागिता र सकृयतालाई प्राथमिकता सहित स्थापित गरिनेछ। युवाहरुको ऊर्जाशिल समय, सीप र शक्तिलाई गाँउपालिकको हितमा उपयोग गर्न समग्र रुपमा युवाको प्रवर्द्धन, उत्थान, सिप-क्ष्यमता विकास र ब्यवसायमुलक कार्यक्रम गर्नेगरी युवाहरुलाई प्राविधिक तालिम, युवाहरुलाई नेतृत्व विकास तालिम, युवा खेलकुद, पाईलटीङ्ग गर्न साना उद्योग/व्यवसाय **यसक्षेत्रमा रु. २४ लाख ४६ हजार ७७४ वजेट विनियोजन गरेकोछु।**

घ) आदीवासी जनजाति विकस, प्रवर्द्धन, आय-आर्जन गर्न सिपमुलक तालिम, दैनिक जिवनमा मदत र लाभहुनेगरी गाँउपालिका अन्तरगत सबै जनजातिहरु १०४३ घरधुरी परिवालाई धुवारहित चुलो साजेदारी कार्यक्रम सञ्चालन गर्नेगरी **यस कार्यक्रम तर्फ रु. ६ लाख विनियोजन गरेकोछु।**

ङ) दलित, पिछडिएका दलित छुवाछूत संस्कारको अन्त गर्दै दलित जातीलाई सामाजिक विकासको स्तरमा स्थापित गर्न विशेष प्राथमिकता दिएकीछु। दलित छुवाछूत संस्कारको अन्त्य, प्रर्वद्धन र विकास, उत्थान र आय-आर्जन गर्न सिपमुलक तालिम, छुवाछुत मुक्त गाँउपालिका घोषणा गर्न सूचक पुरा भए वा नभएको मुल्याङ्कण र अनुगमन गरी छुवाछुत मुक्त गा.पा. घोषणा कार्यक्रम, विपन्न दलित वालवालिकाहरु लाइ आर्थिक सहयोग, सुधारिएको आरन र पञ्चेवाजा अनुदान सहित **यसक्षेत्रमा वजेट रु. ७ लाख १० हजार २२७ विनियोजन गरेकोछु।**



नरबहादुर पुन
अध्यक्ष

च) गाँउपालिकामा जेष्ठ नागरिकहरुको सम्मान र सहयोग गर्ने, फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधान गर्न प्राथमिक्ताको पहिचानगरी प्रवर्द्धन सिपमुलक कार्याक्रम कार्यान्वयण गर्न जेष्ठनागरिकको लागी रु. ३ लाख ५० हजार र अपाङ्ग व्यक्तिहरुको लागि रु. ३ लाख ५० हजार रकम वडाहरुवाट वितरन गर्नेगरी तथा अल्प संख्या पुर्वाधार सहयोग कार्याक्रम सहित **यसक्षेत्रमा रु. ७ लाख ८२ हजार विनियोजन गरेकोछु।**

छ) शहिद परिवारलाइ सम्मा र सहयोग तथा घाईतेहरुलाइ सम्मान, प्रवर्द्धन, सिपमुलक तालिम र साना व्यवसाय रोजगार गर्नेगरी जनयुद्ध तथ जनआन्दोलनका सहिद परिवारहरुलाई सम्मान तथा सहयोग कार्यक्रम, घाइतेहरुलाई सिपमुलक तालिम र घाइतेहरुलाई आयआर्जनको लागि कृषि जन्य उत्पादन व्यवसाय गर्न र गाँउपालिकाको अल्पसंख्यालाइ पुर्वाधारमा अनुदान ५ लाख ५० हजार विनियोजन गरेकोछु। **लैङ्गिक समानता तथा सामाजिक समावेशीक** (बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, शहिद परिवार, जेष्ठ नागरिक, घाइते र अपाङ्गता, अल्पसंख्यक) **यसक्षेत्रमा समग्र वजेट रु. ९० लाख ४५ हजार नियोजन गरेकोछु।**

## आर्थिक विकस क्षेत्र

२०. **कृषिर पसुपन्छी विकासः "कृषि नै सम्वृद्धिको आधार - गाउपालिकामा कृषकलाई रोजगर"** भन्ने मूल नाराका साथ कृषि विकासमा व्यवसायिक र यान्त्रीकरण गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा व्यवस्था गरिनेछ। कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रूपमा विकास गरिनेछ। कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन कृषिमा बेरोजगारको तथ्यांक संकलन, कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।

कृषिजनचेतना तथा जनमुखि विकास कार्यक्रम, ग्रामिण क्षेत्रमा मुख्यतः आय-आर्जन र रोजगार मुलक कृषि उत्पादन, खाद्यान्न उत्पादन, फलफूल, तरकारी, नगदे वालिमा जोड गरिनेछ। एक वडा एक कृषि नमूना उत्पादनमा जोड गर्दै गाउपालिकाले कृषि उत्पादनलाई गुणात्मक रुपमा विकास गर्नको लागि कृषि सहकारीको माध्यमबाट भौगोलिक विशेष्ता अनुसार उत्पादनको लागि पकेट एरिया छनौट गरी नमुना कृषि उत्पादनलाई ध्यानदिने र कृषिको लागी आवश्यक पर्ने मल, विउ, कीटनासक औषधि लगायत औजारहरु सर्वसुलभ वनाईनेछ। पानीको श्रोत भएका वा नभएका क्षेत्रहरुमा सिंचाइ उपलव्ध गराउन साना सिंचाइ योजनाहरुले उत्पादनलाई वृद्धिगर्ने लक्ष सहित-पोखरी सिंचाइ सञ्चालन गर्ने, स्प्रीङकलर र थोपा सिंचाई जस्ता सिंचाइका अन्य सबै प्रविधिहरु प्रयोग गरिनेछ।

गाँउपालिकाको दुलि क्षेत्रलाइ रासायनिक मल र किट नासक औषधि प्रयोगलाई निषेधगरी प्रङगारिक मल र घरेलु औषधिहरुको प्रयोगमा जोड पुग्नेगरि तालिम लगाएतका कार्यक्रमहरु सञ्चालन गर्ने र जैवीक खेतीपाती उत्पादनलाई वढवा दिन कषिमा ५० प्रतिशत अनुदान दिइनेछ। मुत्र सङकलन एवं गोवर मल उत्पादन गर्ने कार्यक्रममा जोड दिने, कृषि उतपादनको वृद्धी सँगसँगै व्यवस्थापन कार्यलाई विषेश जोड गरिनेछ र ताजा तरकारी आपुर्तिको लागि एक घर एक करेसा बारी सवैघरकोलागी अनिवार्य नीति हुनेछ।

आर्थिक उत्पादन मूलक कार्यः कृषि क्षेत्रलाई सबैभन्दा महत्व प्रदान गरी कृषिलाई व्यावसायीकरण गर्दै यसलाई उद्योगको रुपमा विकास गरिनेछ। "एक टोल एक उत्पादन" कोनीतिलाई



नरबहादुर पुन
अध्यक्ष

प्राथमिकताका आधार तोकी कार्यसञ्चालन गर्ने। विभिन्नखाले उत्पादनका लागि सहकारी एवं किसान समूहहरु गठन गर्ने। उत्पादित वस्तुको संङ्कलन, भण्डारण एवं वितरणका लागि समेत कृषि वजार हरुको विकास गर्ने। किसान समुह र अन्य नीजि क्षेत्र सहित वजार व्यवस्थापन र उत्पादनको वृद्धि संगै विकसित गरेर लैजाने। अन्य आर्थिक कृयाकलापहरु सञ्चालन गर्नश्रम र उत्पादन सहकारी निर्माण विस्तारमा ध्यान दिंदै छरिएर रहेको पूँजीलाई केन्द्रित गर्ने, स-सानो पूँजीको केन्द्रिकरण द्वारा श्रमलाई पूँजीमा बदल्दै पूँजी प्रवाहलाई अगाडी बढाइनेछ।

पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण,पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन, पशुआहार गुणस्तर नियमन, स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली, बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन, कृषि तथा पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण गरिनेछ।पुर्तिमकाँडा वडा नं. १ र २ अलैची, तरकारि,माछा उत्पादन र वाख्रापालन, गरायला वडा नं. ३ र ४ मास, मकैको विउ, तरकारी उत्पादन,मौरि र भैसि पालन क्षेत्र, दुली वडा नं. ५ र ६ प्रङगारिक क्षेत्र- किवि खेति,आलु उत्पादन र वाख्रापालन, सिम्ली वडा नं. ७, ८ र ९ कागति, सुन्तला, केरा, आँप, तरकारी र तरकरी विउ उत्पादन र भैसी पालन क्षेत्र, अर्मा वडा नं. १० र ११ सुन्तला, कागति, अदुवा, अलाइची उत्पादन र भैसी पालन पकेट क्षेत्र निर्धारण गर्ने र पशु-पन्छीमा- पसुपालन, औषधि, पशुनश्ल सुधार, पौष्टिक दाना/आहाराको व्यवस्था, पशुपंक्षी स्वास्थ्य सेवा एवं उत्पादित पशुजन्य पदार्थको बजारीकरण, कृषिमा विरुवा, विउ, कीटनासक औषधि, कृषि औजारहरु र साना सिंचाइ, पोखरी सिंचाइ, स्प्रीङकलर र थोपा सिंचाई प्रविधि यसको लागि आवश्यक वजेटको व्यवस्था गरेकोछु। कृक्षिक्षेत्रमा **सशर्त वजेटको** कृषि र पशु कार्याक्रमतर्फ ७ वटा क्रियाकलापको लागि रु. २१ लाख १० हजार सहित यसतर्फको **समग्र वजेट रु. ९६ लाख ३३ हजार ४८६ वजेट विनियोजन गरेकोछु।**

२१. **पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनः** पर्यटनबाट रोजगारी र आयआर्जन बढाउन मनोरञ्जन,प्राकृतिक, पुरातात्विक,ऐतिहासिक,धार्मिक पर्यटनकोपूर्वाधार निर्माण,बजार प्रवद्र्धन र विविधतायुक्त विशेषता बोकेको प्राकृतिक स्रोत, ऐतिहासिक, धार्मिक, सांस्कृतिक दृष्टिले गाउपालिकामा रहेका पर्यटन क्षेत्रलाइ धार्मिकक्षेत्र, ऐतिहासिक क्षेत्र, जैविक विवधताको क्षेत्र र पर्यटकीय क्षेत्र गरि तिन तहमा विभाजन गरिएकोले यसलाई संवोधन गर्नगरी हालाइ वडा नं. १ बुकिचौर-मालिकालेख पर्यटकीय पदमार्ग निर्माण, वडा नं. ४मा शहिद स्मृति भवन निर्माण रिम्ना दुईभेरी दोभान, वडा नं. ३ श्रीचौर मौराखारा पर्यटकीय पदमार्ग निर्माणा, वडा नं.७ जैधाने भेरीदह संरक्षण तथा मन्दिर निर्माण सहित **यसक्षेत्रमा समग्र वजेट रु. १६ लाख जिनियोजन गरेकोछु।**

२२. **उद्योग तथा वाणिज्यको क्षेत्तः** युवा रोजगार एवं साना व्यावसाय विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकासमा सहभागिता, आयआर्जन सिर्जना गर्ने लक्ष्यसहित कृषि एवं वनपैदावारमा आधारित साना व्यावसायहरु सञ्चालन गरिनेछ। उद्यमशिलता र सिप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी सामुहिक उत्पादन र खेति गर्न श्रम र उत्पादन सहकारिहरुको स्थापनागर्न प्रोसाहित गरिनेछ। अर्ध वेरोजगार भएका कृषकलाइ व्यावसायीककरण गरी तिनलाई पूर्ण रोजगार बनाउने लक्ष्यराखी सरकारी, सहकारी



नरबहादुर पुन
अध्यक्ष

र नीजि क्षेत्रको साजेदारी लगानिले गाउपालिकामा १ नमुना गावरमेन्ट उधोग लगायत संभावित साना उध्योगहरुमा काम गर्नेगरि तत्काल **यसक्षेत्रमा समग्र वजेट रु.३० लाख जिनियोजन गरेकोछु।**

२३. **सहकारी र वित्तिय क्षेत्रको विकासः** गाँउपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने, सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड, नियमन, सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारी सम्वन्धी क्षमता अभिवृद्धि, प्रवर्द्धन, परिचालन र सहकारी संस्थाको विकास गरिनेछ। गाँउपालिकामा वहुउद्देशीय सहकारी संस्था वनाई जनतामा छरिएर रहेको पुजिलाई केन्द्रित गर्ने र पहिलो प्रथमिक्तामा सवै वडामा श्रम सहकारी निर्माण गरिनेछ। यसै मार्फत आम जनसमुदायको श्रम शक्तिलाई पुजिमा विकासगरी लगानिमा वदल्ने र कृषि र उद्योग जन्ने उत्पादनले वाह्य आयतलाइ रोकेर, आनत्रिक मागलाइ पुर्तिगर्ने र स्थानिय उत्पादनमा आत्मनिरभर गर्नेगरी **यसक्षेत्रमा समग्र वजेट रु. ९ लाख जिनियोजन गरेकोछु।**

## पुर्वाधार विकास क्षेत्र

२४. **सडक तर्फको विकस निर्माण** : गाँउपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र घोडेटो वाटो सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। गाँउपालिकामा कृर्षि सडक, क्षेत्रिय सडक र मध्यपहाडी लोकमार्ग ३ प्रकारका सडक सञ्जाल छ। गाँउपालिकाको केन्द्र देखी प्रत्यक वडा कार्यालय सम्म, वडा कार्यालयको केन्द्र देखी टोल (साविक वडा) सम्म एक वडा एक मुख्य कृषि हरित सडक निर्माण गर्ने लक्ष्य राखी मध्यपहाडी पुष्पलाल लोक मार्ग लाई आगामी ३ वर्षभित्र कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गर्न संघीय सरकार र सम्वन्धित पक्षसंग अनुरोध गरिनेछ। झुलनेटा सेतीपीखरी अर्मा काफलवोट गरायलापेदी सल्लीचौर खेत घापागार डोल्पा क्षेत्रिय सडक ररिम्ना दोभान-पेदी-ज्यमिरे क्षेत्रिय सडक र हासिवाङ- स्यालीवोट- काफलवोट- डाडाअर्मा-माथिल्लो आमडाँडा-सहरे-पुर्तिमकाँडा गाँउ-जंगालगाँउ-वाहुनिखेत-जाजरकोट क्षेत्रिय सडक र मेगा सर्वाचौर चाखलिमेला कृषि सडकको निर्माण गर्ने जिम्मेवारी कर्णाली प्रदेश सरकार लाइ अनुरोध गरिनेछ।

**सहायक सडकः** चाईनाबगर, पकैया, बुकिचौर कृषिसडक, बाहुनीखेत मलामे डाँडा कृषी सडक, गिठाकोट जिउला, ज्ञानदोयप्रा.वि. पुर्तिमकाँडागाउँ, बसनडाडाँ, चाईनाबगर कृषिसडक, झिनचौर, भलाचौर कृषिसडक र बल्याखर्क, खन्नेबोट, गोलडाडा, अदयाचौर कृषिसडक, नायखोला, खालचौर, पुरानागाउँ, इजर, पाखापानी, गाउँबारी, राम्री टुरा कृषिसडक, मेलचौर, घापागार, हाँसु कृषिसडक, मेलचौर, बल्लेबास, रिटनाखोला, खेत, मुडीगार, कोट कृषिसडक,सहरेजिउला, राउतगाउँ, बोहरागाउँ,झ्यामबारी,बागखोर, डाँडा, पोखरीडाडा, गतेरा, भेरीदह, लीगा, बागमारे, फुकुटाकुरा, तल्लोआमडाँडा कृषिसडक, तल्लोआमडाँ डाटाकुरा, आधारभुत विध्यालय कालिका, डलसिङ्गे,पाखेरोल, जोगीनेटा कृषिसडक, तल्लोआमडाँडा माथिल्लो आमडाँडा विप्पे चिन्तु कृषिसडक, सिम्लीबजार, खामहाल्ने, कुट्टी, धैरेनी, छेलोहान्ने, बागखोर कृषिसडक,घडेरी, टोनीबोट, घनठाना, डाँडाअर्मा, तिमिले, चिन्तु, विप्प्य, माथिल्लो आमडाँडा कृषिसडक, काफलबोट, टिमुरबोट, खालीखोला, सिलीपाँखा, बाघखोर कृषिसडकहरु गाँउपालिकाको स्वमित्वमा १ वडा १ नमुना सडक आर्थिक वर्ष ०७४ र ०७५ मा सम्पन्न भएका योजनाहरुलाई मर्मत र स्तरवृद्धि गर्ने र निर्माणधिन सडकहरुलाइ क्रमागत निरनतरता दिइनेछ। एक वडा एक मुख्य हरित कृषि सडकको नीति अनुसार सडक, पदमर्ग, घोडेटो वाटो तर्फ आवश्यक वजेटको व्यवस्था गरेकोछु।

गाँउपालिका कार्यालय सिम्लीलाइ केन्द्र वनाइ सिम्ली वजार, पनेलचौर, पेदी वजार, वेलटापु, दुवारे-छोटेवगर, टमट्टाचौर, भण्डारीपाखा हुदै वडा नं. ९ को सडक सम्म मध्यपहाडी लोकमार्गलाई



नरबहादुर पुन
अध्यक्ष

केन्द्र वनाई रिङ रोड र सिम्ली वजार र पेदीवजार भित्रका साना सडक र बाटाहरु र यस्तैगरी चाईनावगर, वलिवाङ, गिठाकोट जिउली, हाँसीवाङ लगायत संभाव्यता रहेका सवै कृषि सडकहरु लाइ वातावरण प्रभाव मुल्याङ्क सहित **यसक्षेत्रमा समग्र वजेट रु. २ करोड २३ लाख ५८ हजार विनियोजन गरेकोछु।**

२६. **सिंचाईतर्फको विकास र योजनाः** सानीभेरी गाँपालिकामा गुरुयोजना तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन गरिनेछ। साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निधारण र संकलन व्यबस्थापन,नदि र खोलाहरुबाट ठूला र साना सिंचाइ योजना सञ्चालन, पोखरी सिंचाइ योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाइ पुऱ्याउनेछ। खारखोला हासिवाङ सिचाइ योजना हाल आएर जिल्ला सिचाइ कार्यालयवाट टेण्डरको प्रक्रियामा बगाडी वढेकोछ। गतवर्षका अन्य योजनाहरलाई कार्यान्वयण गर्नेगरी वडाहरुको आवब्यक्तामा **यसक्षेत्रमा समग्र वजेट रु. ३२ लाख ५० हजार विनियोजन गरेकोछु।**

२७. **भवन तथा सहरी विकासः** सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी गाँउपालिकाको नीति, कानून, मापदण्ड निर्माण गरिनेछ। योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन, राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन गरिनेछ।संघीय मामिला तथा प्रशासन मन्त्रालयको पछिल्लो निर्देशन अनुसार जग्गा प्रापि सम्वन्धि जनतावाट दानगरिएको जग्गालिने पहिलो र सहज प्राथमिक्ता भएकोले मध्यपहाडि लोकमार्ग संग जोडिएको सुरक्षित र पुक्दो जग्गा सिम्लि वजार देखी द्ववारे सम्मको क्षेत्रमा जहाँ दानजग्गा पाइन्छ स्वहि स्थानमा गाँउपालिका कार्यालय घर निर्माण गर्नेगरी तत्काललाई समानीकरन अनुदान वाट वजेटको व्यवस्था गरेकोछु। विकास रणनीतिक योजना तयार गर्नको लागी वडा नं. ९ सिम्ली, वडा नं. ३ पेदिबजार, वडा नं. १ चाईनाबगर लाइ वजेटको व्यवस्था गरेकोछु।गाउँघर क्लिनिक, खोप केनद्रको स्थापना र वडा कार्यालयको जग्गा खरिद सहित **सशर्त वजेट वहायक यसक्षेत्रमा समग्र वजेट रु. ७० लाख ५० हजार विनियोजन गरेकोछु**

२८. **उर्जा, लघु तथा साना जलविद्युतः** गाँउपालिकामा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन गरिनेछ।उज्यालोमा वस्नपाउनु जनताको अधिकार लाई स्वीकार गर्दै गाँउपालिकालाई पूर्ण रुपले उज्यालो पार्ने लक्ष्य सहित संघीय र प्रदेश सभाका माननीय सदस्यज्युहरु, जिल्ला समन्वय समिति र जिल्ला विधुत प्राधिकरण कार्यालय संग समन्वयगरी चालुकामलाई प्रभावकारी कार्यान्वयणको लागी अनुरोध गरिनेछ।रुकुम उज्यालो अभियाण आज स्थानीय तह उज्यालो अभियाणमा वदलिएको सन्दर्भमा केन्द्रिय लाईन विस्तारको योजनाको प्रक्रिया अगाडी वढेकोले कार्यान्ययणमा प्रभावकारी वनाउन विशेष पहल गरिनेछ। गाँउपालिका उज्यालो कार्याक्रम अन्तरगत विधुतीकरण गर्ने सनदर्भमा लगभग ११० किलो वाट विधुत राज्य, साजेदारी र जनताको लगानिमा सम्पन्न भई अन्यपुर्वाधार विकास र भौतिक सुविधा प्रयोगको चेतनाको विकास भएकोछ। निमार्ण भएका लघु जलविधुतहरुलाई संरक्षण, मर्मत संभारमा सहयोग गर्ने र निर्माणाधिन योजनाहरुलाई सम्पन्न गर्न अनुदानको को व्यवस्था गरिनेछ। यसकोलागी वडा नं. २ मा सिस्नेखोला पिको हाईड्रोपावरलाइ अनुदान, वडा नं. ७ मा रोलखोला जघु जलविद्युत आयोजनालाई अनुदान, वडा नं. ९ सिम्ली खोला लघु जलविद्युत आयोजनालाई अनुदान, वडा नं. ३ देउताखोला लघु जलविद्युत आयोजना, वडा नं. ३ श्रीचौर पेल्टीकसेट योजनालाई अनुदान,वडा नं. ५ टोट्केखोला लघु जलविद्युत आयोजनालाई अनुदान, वडा नं. ६ देउताखोला मुरीगार लघुजलविधुत



नरबहादुर पुन
अध्यक्ष

आयोजना निर्माण, वडा नं. ११ अर्मा गिठागैरा पेल्टीकसेट योजना मर्मत र वडा नं. १ शितल मा.वि. पक्रैया सोलार सेट खरिद सहित **यसक्षेत्रमा समग्र वजेट रु. ९७ लाख २४ हजार जिनियोजन गरेकोछु।**

२९. **सुचना सञ्चार तर्फः** सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेबार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ। गाँउपालिका सूचना तथा संचार प्रतिष्ठान स्थापना गरी सूचना तथा संचार प्रविधिलाई सुशासनसंग आवद्ध गरिनेछ। नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचारमाध्यमसंग सहकार्य गरिनेछ। विकास मैत्री संचार र संचारमैत्री सरकारको अवधारणालाई अभ्यास गर्न गाँउपालिका सरकारले जोड दिनेछ। सूचनाको सहज पहुँचको लागि गाउँपालिकाका केन्द्र तथा वडा केन्द्रहरुमा दूरसंचार सेवा पुग्ने गरी सेवाप्रदायक निकायसंग गाउँपालिकाका सरकारले समन्वय गर्नेछ। संघीय सरकारको मध्यपहाडि लोकमार्गमा अप्टिकल फाइवर विछाउने वजेट तथा नीति र कार्यक्रमलाइ छिटो छरीतो गर्न पर्तिनिधि सभाका सदस्य तथा नेपाल सरकारका पूर्वगृह मंत्रि माननीय श्री जनार्दन शर्मा ज्यु मार्फत अनुरोध गरिनेछ।गाँउपालिका भर टेलिफोन सेवा उपलव्ध गराउने क्रम्मा नेपाल टेलिकम दुरसञ्चार र एनसेलका निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन गर्न र टावर विस्तार गर्न गरायला अध्यचौर र अर्मा सानो लेकमा माग गरीएकोछ।वडाहरुको सहभागितामा पत्रकारीता तालिम, सानीभेरी मौराखारा एफ.एम. संचालन संभाव्यताको अध्यन, गाँउपालिकाबाट प्रचार प्रसारण हुने विभिन्न सूचना मुलक कार्यक्रमहरु गर्नेगरी **यसक्षेत्रमा समग्र वजेट रु. ५ लाख विनियोजन गरेकोछु।**

## वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

३०. **वन तथा भु-संरक्षण :** वन व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति अनुसार वन,जङ्गल,वन्यजन्तु,चराचुरुङ्गी,जल उपयोग,वातावरण,पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून निर्माणगरी मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटीलगायत वन पैदावारमा आधारित १ वडा १ उद्योग स्थापना गरिनेछ। स्थानीयस्तरमा सामुदायिक,कवुलियती र राष्ट्रिय वनको संरक्षण सम्वर्द्धन,उपयोग र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,स्थानीयस्तरमा नदी किनार,नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,स्थानीयस्तरमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमन, गरिनेछ।सार्वजनिक खाली जग्गा,पाखा वा क्षेत्रमा वृक्षारोपण,सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ।जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन,प्रवर्द्धन, प्रशोधन,र बजार व्यवस्थापन गरिनेछ।वनबीउ बगैंचा स्थापना,व्यवस्थापन र प्रवर्द्धन,नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण,रोपण र प्रवर्द्धन यसको लागि गाँउपालिकामा वन तथा वातावरण, नर्सरी, वृक्षा रोपन, संरक्ष र प्रवर्द्धन, सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्धन, वडाहरुमा विपद व्यवस्थापन अनुदान सहोग, विपद व्यवस्थापन कोष स्थापना र मुल संरक्षणमा वजेट व्यवस्था सहित **यसक्षेत्रमा समग्र वजेट रु. १७ लाख ६० हजार विनियोजन गरेकोछु।**

३१. **जलाधार संरक्षणः** गाउपालिकामा जलाधार, वन्यजन्तु ,खानी तथा खनिज पदार्थको संरक्षणजलाधार तथा वन्यजन्तु सम्वन्धी स्थानीय नीति, कानुन निर्माण गरिनेछ। मापदण्ड, योजना, कार्यान्वयन र नियमन, प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी, सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम गरिनेछ। पानी मुहान संरक्षण, भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन, खानी तथा



नरबहादुर पुन
अध्यक्ष

खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन र स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन गर्न **यसकोलागी समग्र वजेट रु. ४ लाख ३० हजार विनियोजन गरेकोछु।**

३२. **जलवायु परिवर्तनः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वच्छ, हराभर र प्रदूषणमुक्त गाँउपालिका अभियान सञ्चालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकलनमा सरकार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैरसरकारी क्षेत्रबीच सहकार्य गरिनेछ। आशा प्रोजेक्ट संग समन्वय गरि लापा कार्याक्रम सञ्चालन गर्नेगरी यसकोलागी वडा नं. १, २, ३, ४, ५, ६, ७ र ८ मा लापा निर्माण गर्नेगरी **यसक्षेत्रमा समग्र वजेट रु. ६ लाख ३० हजार विनियोजन गरेकोछु।**

३३. **सरसफाई तथा फोहोर मैला व्यवस्थापनः** नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार प्रत्याभूत गरेको छ। वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपुर्ण मापदण्ड सरसफाई भएकाले र स्वस्थ रहनका लागि स्वच्छ वाताबरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुशन मुक्त वातावरण कायम राखी गाउँपालिकाको दिगो विकास गर्नका लागि सरसफाई र फोहरमैला व्यवस्थापन महत्वपुर्ण पक्ष्यका रुपमा रहेको छ। यसका लागि प्राकृतिक श्रोतहरुको दिगो र प्रभावकारी संरक्षण नगरीनहुने कार्यका रुपमा रहेको छ भने अर्कोतिर मानव सिर्जित फोहरमैलाको प्रभावकारी व्यवस्थापन पनि उत्तिकै जरुरी रहेको छ। मानव सिर्जित समस्याहरुले एकातर्फ वातावरणिय क्षेति बढाईरहेको छ भने अर्को तर्फ विभिन्न प्रकारका प्रकोप जन्य जोखिमहरुवाट पिडित बन्नु परिरहेको छ।

फोहरमैला ब्यवस्थापन गर्न निजि क्षेत्र र नागरिक समाजको संलग्नता स्थापित गर्न समुदायको चासो र संलग्नतामा अभिबृदि गर्न फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, वातावरणीय जोखिम न्यूनीकरण,प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गरिने नीतिभित्र रही तत्काललाई फोरमैला व्यवस्थापन, चाइनावगर वजार फोरमैला व्यवस्थापन, गिठाकोट जिउला वजार फोरमैला व्यवस्थापन, वलिवाङ्ग वजार फोरमैला व्यवस्थापन,पेदी वजार फोरमैला व्यवस्थापन, सिम्ली वजार (वारी-पारी) फोरमैला व्यवस्थापन,पुर्ण सरसफाइ टोल हाँसिवाङ्ग फोरमैला व्यवस्थापन, पुर्ण सरसफाइ टोल फुक्रुटाकुरा र फुक्रु जिउला लगायत **यस क्षेत्रमा समग्र वजेट रु. ५ लाख ५० हजार रकम विनियोजन गरेकोछु।**

३४. **जल उत्पन्न प्रकोप नियन्त्रणः**गाँउपालिकामा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ। नदी नियन्त्रण र मानव वस्ति संरक्षनको लागी वढी जोखिम तथा धनजनको क्षेति हुनसक्ने संभाव्यताको अध्यानगरी तट्वन्धन र नदी नियन्त्रण गर्न छोटेवगर सहिद स्मृती भवन र बेलटापु खेलमैदान (रङ्शाला), वैरेनिटापु र पिपेतहरा तट्वन्धन र नदी नियन्त्रण, दुइभेरी रिम्ना तट्वन्धन तथा नदिनियन्त्रण, चाईनावगर तट्वन्धन तथा नदिनियन्त्रण,सुलेहाले र फल्लेवगर तट्वन्धन तथा नदिनियन्त्रण, वैरेनि टापु र वाहुनिखेत तट्वन्धन तथा नदिनियन्त्रण लगायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गर्ने क्रम्मा संघीय र प्रदेश सरकारलाइ अनुरोध



नरबहादुर पुन
अध्यक्ष

गरीनेछ। खोलरी चाईनाबगर, कैनाखोला मुल संरक्षण, वडा नं. १० ग्याविन तार सहित **यस क्षेत्रको समग्र वजेट रु. ६ लाख ५० हजार रकम विनियोजन गरेकोछु।**

३५. **विपद् व्यवस्थापन:** विपद् व्यवस्थापन सम्वन्धी गाँउपालिकाले नीति, कानून, मापदण्ड, योजना निर्मानगरी कार्यान्वयन र नियमन गरिनेछ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ। विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्थातथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गरिनेछ। विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन, विपद् जोखिम न्यूनीकरणका स्थानीयस्तर आयोजना तर्जुमा, कार्यान्वयन र नियमन, विपद् पश्चात पुनस्थापन र पुनर्निर्माण, गाँउपालिको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गरिनेछ। स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्न गाँउपालिकामा विपद व्यवस्थापन समिति गठनगरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयम स्यवेक भावना द्ववारा प्रेरित युवा जनशक्तिलाई परिचालन गरिनेछ। **यसक्षेत्रमा जनपरिचालन र आर्थिक साह्यताको लागी वजेट रु. १० लाख ५६ हजार विनियोजन गरेकोछु।**

३६. **वारुणयन्त्र(आगलागी नियन्त्रण)** :मानव जन्य कृयाकलापले जान-अनजान, अचेत र लापरवाही वाट विधुत सट्भइहुने आगजनिले प्रकृतिक श्रोत साधन र मानविय भौतिक संरचना र धनजनको ठुला ठुला क्षेतिभएकाछन्। शहरी विकस उन्मुख वस्ति विकासको भौतिक संरचनाले घनवजार, विभिन्न व्यवसायहरु, सरकारी कार्यालयहरु, विभिन्न सेवाप्रदायिक संघ-संस्थाका कार्यालयहरु, शैक्षिक र स्वस्थ्य संघ-संस्थाहरुको वृद्धी विकास संगै सानिभेरीमा उर्जाको क्षेत्रमा क्रमस विकासहुदैछ। गाँउघर र वजारक्षेत्रमा लापरवाही र विधुत सटभइ हुने आकस्मिक आगजनि तथ व्याक्तिगत गलत निहेतले जंगलमा हुने आगजनिलाई नियन्त्रन गर्न कानुन र विधिको विकासगरी गाँउ घर वजारमा हुने आगजनिप्रति पूर्ण सावाधान रहन चेतना मुलक कार्याक्रम र केही मुख्य कार्यालयमा आगो नियन्त्रन साधन र वनमा आगजनि गर्नेलाइ नियन्त्रन गरि विध्यमान कानून वमोजिम कारवाही गरिनेछ। **यसको लागी आवस्यक वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

## सुशासन तथा संस्थागत विकासको क्षेत्र

३७. **मानव संसाधन विकास:** गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गरिनेछ। संविधानको धारा ३०२ को आधारमा कर्मचारी समायोजन पछि वित्तीय स्रोतका अधिनमा रहि आवश्यकता अनुसार कानून बमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन गरिनेछ। स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास, संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय, कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिनेछ। स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ। जनप्रतिनिधि र जनताका कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाइनेछ।

संघिय सरकारवाट प्राप्त समानीकरन अनुदानवाट नेपाल सरकारले तोकेवमोजिम दरवन्दीमा प्रशासनसमुहका स्थायीकर्मचारीहरुको तलव भत्ता लगायत सम्पुर्ण सेवासुविधा सोही वमोजिम उपलव्ध गराउदै कार्यपालिकाको निर्णय वमोजिम करारमा राखिएका प्राविधिक, नगर प्रहरी र कार्यलय सहयोगि



नरबहादुर पुन
अध्यक्ष

कर्मचारीराम्रो र वढिकाम गर्ने प्रशासन समुहका कर्मचारीहरुलाई कार्यपालिकाको निर्णय वमोजिम थप सेवा सुविधा उपलव्ध गराउनेगरि हाललाई कर्मचारी तलव भत्ता, पोशाक र स्थानीय भत्ता, महंगी भत्ता, फिल्ड भत्ता(प्राविधिक), कर्मचारी प्रोत्साहन तथा पुरस्कार को लागी **यस क्षेत्रमा रु. २ करोड २४ लाख विनियोजन गरेकोछु।**

सशर्त तर्फको कृषि र भेटनरि समुहका स्थायी कर्मचारीहरुको तलव भत्ता गाँउपालिका संचित खातामा आएकोछैन सम्वन्धि पक्षले खोजिगर्न आवश्यकछ। गाँउपालिकाले करारमा राखन सकिने स्थानीय तहमा कृषि प्राविधिकको तलव भत्ता र एक गाँउ एक पशु प्राविधिक तलव भत्ता वाफत रु. ११ लाख ८४ हजार विनियोजन गरेकोछु।

वडा पालिक र गाँउपालिकका जनप्रतिनिधिज्यु हरुलाइ प्रदेश सरकाको कानुनमा तोकेवमोजिम सेवा सुविधाको सिमाभित्र रही उपलव्ध गराउनेगरी यसकोलागी आर्थिक वर्ष ०७४/०७५ को लागि अपुक रु. ३८ लाख आर्थिक वर्ष ०७५/०७६ को लागि वजेट रु. ७० लाख सहित यस क्षेत्रमा १ करोड ८ लाख विनियोजन गरेको छु।

३८. **सुशासन तथा संस्थागत क्षमता विकासः** सानीभेरीगाँउपालिकामा सुशासन तथा संस्थागत विकास भन्नाले जनशक्ति, संगठन संरचना, कार्यप्रणाली एकअर्कामा जोडिएर आउदै गर्दा मानविय कार्यदक्षता र कार्यसैलीमा सुशासन र संस्थागत विकास अन्तर निहित हुनेभएकोले जनशक्तिको भरण - पोषण, तलव - भत्ता,सरकारवाट प्राप्त सेवा-सुविध, कार्याक्ष्यामता अभिवृद्धि गर्ने तालिम, गोष्ठी, अन्तरकृया र भ्रमन कार्याक्रम र कार्यालय सञ्चालनको लागि समग्र कृयाकलाप व्यवस्थापन गरिनेछ।नीति निर्माणमा सहभागिता र पारदर्शिता,संविधान, सङ्घीय कानुन, प्रादेशिक कानुन स्थानीय कानुन नीतिहरूमा सामन्जस्यता कायम गरिनेछ।कानुनी शासनको पालनामा जोड,राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनको लागि सबै तहबाट आधारशिला तयार गरिनेछ। एकव्दार सेवा प्रवाह संयन्त्रको स्थापना, गुनासो सुनुवाइ र समाधान संयन्त्रको स्थापना,वित्तीय र प्रशासनिक अनुशासन कायम गराईनेछ। कुनैपनि काम गर्दा स्थापित विधि र प्रकृया वमोजिम नतिजा तोकी काम गर्नुपर्ने र प्रतिफल प्राप्त हुनुपर्नेछ।सबै जनताको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गर्नुपर्ने, जहाँ काम त्यहा प्रशन, जसलाई प्रशन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रतक्ष्य उत्तरदायित्व सुनिश्चित गर्न दक्ष जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ।

आर्थिक वर्ष ०७५/०७६ मा संस्थागत कामलाइ आवश्यक्तामा आधारित व्यवस्थित गर्नकार्यपालिका बैठक १८ वटा,गाँउ सभा बैठक ६ वटा,११ वडा कार्यालय बैठक १३२ वटा भन्दा वढिवसेका वैठकहरु सुविधा मा गणनाहुनेछैन। पानी तथा विजुली, संचार महसुल (इन्टरनेट र फोन सुल्क गा.पा. र वडा कार्यालय), इन्धन(पदाधिकारी), इन्धनगा.पा. कार्यालय, ११ वडा कार्यालयहरु,सवारी साधन मर्मत खर्च गा.पा. कार्यालय र ११ वडा कार्यालयहरु, विमा तथा नवीकरण खर्च(वाईक, गाडी),मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च,मसलन्द तथा कार्यालय सामाग्री,गा.पा. कार्यालय,११ वडा कार्यालय,पुस्तक तथा सामाग्री खर्च, इन्धन-अन्य प्रयोजन(ग्यास, मट्टी तेल),पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च,अन्य कार्यलय संचालन खर्च, कर्मचारी तालिम खर्च(प्रशासनीक,प्राविधिक, लेखा, जिन्सी),सीप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धि खर्च(पदाधिकारी र कर्मचारी) सकारात्मक सोच,विविध कार्यक्रम खर्च(विभिन्न दिवसहरु),अनुगमन, मुल्यांकन खर्च( जनप्रतिनिधि र कर्मचारी),भ्रमण खर्च(जनप्रतिनिधि र कर्मचारी),विविध खर्च (खाना चिया नास्ता) वडा कार्यालय समेत, सभा सञ्चालन खर्चर गाँउपालिका कार्यालय प्रयोजनको लागि १ वटा



नरबहादुर पुन
अध्यक्ष

गाडि र मेशिनरी सामान मर्मत तथा संम्भार र गाउँपालिका वडा कार्यालय तथा विषयगत कार्यालयहरुको घरभाडा र गाँउपालिका डिजीटल प्रोफायल निर्माण गर्न १५ लाख सहित **यसक्षेत्रको समग्र खर्च रु. २ करोड ८२ लाख विनियोजन गरेकोछु।**

३९. **राजस्व परिचालनः**गाँउपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माणगरी कार्यान्वयन गरिनेछ। आगामी आर्थिक वर्ष २०७५/७६ को राजस्व परिचानलको नीति तथा कार्यक्रमः जनतावाट लिएर जनतालाई दिने आदर्श प्रगतिशिल कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू प्रस्तुत गर्न चाहन्छु। सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउने,आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवद्र्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणानीलाई थप प्रगतिशील वनाइनेछ। यसकोलागी अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगाएत चेतना र जिम्मेवारी मुलक कार्याक्रम गर्न **यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

४०. **वित्तिय व्यवस्थापन र जोखिम न्युनीकरणः** प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय रूपमा सर्वाधिक चासो र सार्वजनिक सरोकार को विषय हो।सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता अभिवृध्दिका लागि सुधार एउटा निरन्तर चलिरहने प्रक्रिया पनिहो। प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट निम्टिन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्नमा सहयोग पुऱ्याइनेछ। सबल राजनैतिक इच्छाशक्ति र प्रतिबद्धता तथा प्रशासन संयन्त्रको सकारात्मक सक्रियता प्रभावकारीताको लागि कर्मचारी र जनप्रतिनिधिहरुलाइ विषयविज्ञवाट तालिम, आपसि अन्तरकृया र जानकरीलिने **कार्यक्रम गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४१. **सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः** गाँउपालिक सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ। उच्चस्तरीय, अनुगमन तथा मूल्याङ्कन संयन्त्र मार्फत सेवाप्रवाहलाई शीघ्र, सरल र सहज बनाइनेछ। विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ। राज्य संचालनको समग्र कार्यप्रणाली सरल पारदर्शी र उत्तरदायी बनाइनेछ। गाँउपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन**गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

४२. **आन्तरिक, अन्तिम लेखापरीक्षण तथ बेरुजु फर्छ्यौटः** गाउँ पालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गरिनेछ। आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त,नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ।गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको लागि कार्मचारी र जनप्रतिनिधिहरुलाइ अभिमुखिकरण र अन्तरकृयात्मक कार्याक्रम **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**



नरबहादुर पुन
अध्यक्ष

४३. **सेवा प्रवाहका मापदण्ड निर्धारणः** ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए प्रवाह गर्न मिल्ने सूचना छुट्टयाएर निवेदकलाई उपलब्ध गराइनेछ। सूचना प्रवाह गर्दा राष्ट्रिय भाषा तथा संचारका माध्यमबाट गरिनेछ। सेवा प्रवाहनिकायको स्वरुप र प्रकृति,निकायको काम, कर्तव्य र अधिकार,निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणसेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिस्चित गरिनेछ। सम्पादन गरेको कामको विवरण, सूचना अधिकारी र प्रमुखको नाम र पद, ऐन नियम विनियम वा निर्देशिकाको सूची,निकायबाट प्रदान गरिने सेवा, आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण, अघिल्लो आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरणवेवसाइट राखी आफ्नो कार्यालयको सूचना नियमित रुपमा प्राप्त गर्नेप्रक्रियालाई व्यवस्थीत **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

४४. **सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगः** सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गँउपालिकाबाट गरिने सबै नीति, ऐन, कानून लगायत सम्मपूर्ण निर्णयहरु नागरिकलाई जानकारी गर्न वेवसाईट, राजपत्र, डिजिटल सूचना पार्टीलाई प्रयोगमा ल्याइनेछ।गाँउपालिका कार्यालय, वडा कार्यालय हुदै विषयगत कार्यालय र सवै विध्यालयहरुमा क्रमस डिजिटल हाजरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै क्रमसडिजिटल उन्मुख गाँउपालिका बनाइनेछ।तत्काललाइ गाँउपालिका, वडा कार्यालयमा लागु गर्ने र नमुना विध्यलयहरुमा पुक्दो ध्यानदिनेगरी **यसक्षेत्रको लागी वजेट रु. ३ लाख विनियोजन गरेकोछु।**

४५. **नागरीक सन्तुष्टी सर्वेक्षणः** सानीभेरी गाँउपालिका जनताको स्थानिय सरकारले राज्यको श्रोत साधनलाइ अत्यधिक नागरिक हितको प्रयोग गर्न र जनशक्ति वाट गरिने सेवाप्रवाहका सम्पुर्ण कामप्रति नतगरिकहरुको सन्तुष्टि र असन्तुष्टि केछ त्यसलाइ संस्थागत वयवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्याक्रम तयगरि जनतावाट सुझाप लिएर जनतालाइ प्रभावकारी सेवा दिनेगरी **यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

४६. **संमपूरक बजेट व्यवस्थापनः** नेपालको संविधान २०७२ अनुसार राज्यको पुनरसंचना र शक्तिबाँडफाड गर्ने क्रममा संघीय,प्रदेश र स्थानीय तहको सरकार गठन निर्देशन परिचालन र नियन्त्रणको सिद्धान्तमा रही सानीभेरी गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य संघ- संस्थाहरुसंग समन्वय, सहकार्य र सझेदारीको आधारमा विकास निर्माण काम गर्नेछ। **यसक्षेत्रको लागी वजेट रु. १ करोड ३८ लाख विनियोजन गरेकोछु।**

४७. **अन्तर तह/निकाय समन्वयः** सानीभेरी गाँउपालिकासरकारले अन्तर तह र निकाय, संघीय र प्रदेश सरकार, संघ र प्रदेशमा प्रतिनिधित्व गर्नुभएका माननीय सदस्यज्युरु र सरकारी तथा गैर सरकारी संघ-संस्थाहरु संग समन्वय, सहकार्या र साजेदारीगरी अगाडी दढ्न आवश्यक सवै प्रकारका कार्याक्रम, वैठक र भेटघाट र स्वगत सत्कार गर्न **यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकोछु।**

४८. **सूरक्षा सम्बन्धिः** गाँउपालिकाले नगरप्रहरी वारे निर्देशन, नियन्त्रण, परिचालन र भरनपोषण गर्न नीति, कानून, मापदण्ड वनाएकोले संघीय, प्रदेश र स्थानीय कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन र नियमन गरिनेछ।जिल्ला र स्थानिय प्रहरीचौकीहरु संग आपसि सहकार्य, समन्वय र सुरक्ष्य लगायत आवश्यक समग्र विषयमा साजेदारी गरीनागरिक लाइ प्रभावकारी सेवा प्रवाह गरिनेछ। यसक्षेत्रमा करार सेवा शुल्क(नगर प्रहरी तलब अन्य सेवा)कर्मचारी तलव-भत्तामा जोडिएकोछर प्रहरी



नरबहादुर पुन
अध्यक्ष

चौकि सिम्ली र चाइनावगरलाइ कार्यालयमा आवश्यक पर्ने भौतिक सामाग्रि र प्रतिक्षालयको लागि **यसक्षेत्रको वजेट रु. १ लाख ५० हजार विनियोजन गरेकोछु।**

४९. **सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय, सहकार्या, साजेदारी :** रुकुमेली समाज विकास केन्द्र(एकीकृत परियोजना) कार्यक्रम,आसाको प्रोजेक्ट कार्यक्रम,सुआहाराकार्यक्रम, बहुक्षेत्रीय पोषण योजना कार्याक्रिम, गरीबी संग विश्वेस्वर कार्यक्रम, के.यू.वि.के (KUBK) आदीकार्याक्रमतर्फ अनुमान आय रु. २ करोड यसैक्षेत्रमा परिणाम मुखी काम देखीने र जनताले प्रत्यक्ष लाभलिनेगरी समन्वय, सहकार्य र साजेदारीमा योजना तर्जुमा, वजेट विनियोजन, कार्यन्वण, अनुगमण र समिक्ष्या सहित कार्यक्रम सम्पन्न गरिनेछ।यो कार्याक्रमलाई अझै प्रभावकारि र निरन्तरता दिईनेछ।

५०. **सानीभेरो गाँउपालिका भु-उपयोग नीति :** संघीय संरचना अनुकूल स्थानीय भू-उपयोग योजनाहरु तर्जुमा, योजनाको आधारमा भूमि तथा भूमिश्रोतको उपयोग गर्ने, भू-उपयोग योजना अनुकूल हुने गरी भौतिक पूर्वाधार विकासका आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गरिनेछ।कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दिगो शहरीकरण सुनिश्चित गरिनेछ।वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।निर्दिष्ट भू-उपयोगको क्षेत्र वा भू-उपयोग योजना बमोजिम भूमि तथा भूमिश्रोतको उपयोगका लागि उत्प्रेरित गर्न प्रोत्साहन मुखी कार्यक्रमहरु संचालन गर्नभू-उपयोग नीति,योजना र सो अनुरुपका लागि संस्थागत भौतिक पुर्वाधार संरचनाको निर्माण गर्न विषय विज्ञहरुसंग परामर्शगरि कार्यन्वयण गर्ने गरीभू-उपयोग रणनीति योजन निर्माण गर्नेगरी **यसक्षेत्रमा वजेट रु. १ लाख ५० हजार विनियोजन गरेकोछु।**

५१. **सानीभेरी गाउँपालिकामा न्यायिक समितिको सम्वन्धि काम र प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीनेछ।न्यायिक समितिको कार्यालय व्यस्थापन, न्यायिक समितिको मुद्धा दर्ता देखि आवश्यक पर्ने पुस्तकहरुको व्यवस्थापन,न्याय सम्वन्धी वडा र जनस्तरमा कार्यक्रमहरुको व्यस्थापन गर्ने, मुद्धा दर्ता र फैसाला गर्ने अधिकारी र कर्मचारीको व्यवस्थागर्ने, न्यायीक समितिलाइ व्यवस्थित गर्न मेलमेलाप समिति गठन र प्रशिक्षण, इजलास खडा, भ्रमण भत्ता र कोठाभाडा र स्टेस्नरी सामाग्री खरिद गरि **समग्र न्यायको कामलाई व्यवस्थित गर्नेगरी रु. ७ लाख विनियोजन गरेकोछु।**

५२. **जनयुद्ध र जनआन्दोलनः यो देशमा** जनयुद्ध र जनआन्दोलन हुदैनथ्यो भने, नेपाली आमाका बीर-विरङ्गनाहरुले योधर्तिमा रगत वगदैनथ्योभने, परिवर्तनकामी विभिन्ना जनसंघर्षहरु हुदैनथ्यभने, यसमा जनताको सहयोग र समर्थन नभएको भए आज यो देशमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक, समावेशी, राज्यको अग्रगामि पुनरसंरचना सहित सामाजिक न्यायका विषयहरु संवैधानिकहकको रुपमा स्थापित हुदैनथ्य।यसको लागिठुलो भुमिका खेलने जनयुद्ध र जनआन्दोलनका सहिद परिवार, घाईते अपाङ्गता हरुको अवस्था व्यवस्थित हुन सकिरहेको छैन। क्रमस व्यवस्थित गर्नेगरी जनयुद्ध तथ जनआन्दोलनका सहिद परिवारहरुलाई सम्मान तथा सहयोग, घाइतेहरुलाई सिपमुलक तालिम, घाइतेहरुलाई आयआर्जन गर्नको लागि कृषि जन्य उत्पादन कार्यगर्न **यसक्षेत्रमा ५ लाख ५० हजार वजेट विनियोजन गरेकोछु।**



नरबहादुर पुन
अध्यक्ष

५३. **सामाजिक सुरक्षा भत्ताः** कुनैपनि नागरिकले खाइपाइ आएको सामाजिक सुरक्ष्या भत्ता छुट्नेछैन र वितरन वारे व्यवस्थित, प्रभावकारी र पारदर्सिता वनाई जनतालाइ समयमा वितरण गरिनेछ। **सम्वन्धित क्षेत्रमा खर्च गर्नेगरी २ करोड ३० लाख विनियोजन गरेकोछु।**

५४. **गाँउपालिका** र वडा पालिका कार्यालयवाट सशर्त वितरण कार्यक्रम, आवश्यक र भैपरि आउने खर्चलाइ व्यवस्थापन गर्नेगरी ५ करोड १९ लाख ९५ हजार रकम विनियोजन गरेकोछु।

५५. **परिर्वतनका सुचकहरुः** सानीभेरी गाउँपालिकाको एकीकृत विकास रणनीति लाई प्रभावकारी र व्यवस्थित कार्यान्वयणगर्न आर्थिक वर्ष २०७४/०७५ वाट लागु भई निरन्तर रुपमा सानीभेरी गाउँकार्यापालिकाले दीर्घकालिन, मध्यकालिन र अल्पकालिन परिवर्तनका सूचकहरु प्राथमिक्ता र आवश्यकताको आधारमा निर्धारणगरी निस्चित समय सिमाभित्र कार्या सम्पन्नगर्ने लक्ष्य राखी निम्न निर्णयहरु गरेकोछ।

## १. पुर्वाधार विकासः

- १.१ ५ वर्ष भित्र भू-उपयोग योजना (Land Use Plan) बनाई जमीनको वर्गीकरणमार्फत मापदण्ड कार्यान्वयन भएको हुनेछ।
- १.२ ५वर्ष भित्र स्थानीय तहको कार्यालय भवन निर्माण भएको हुनेछ।
- १.३ ५ वर्ष भित्र सबै वडाको कार्यालय भवन निर्माण भएको हुनेछ।
- १.४ ५ वर्ष भित्र सबै वडा केन्द्र जोडने गरी बाहैं महिना चल्ने सडक संजाल संचालनमा आएको हुनेछ।
- १.५ ५बर्ष भित्र सडक अधिकार क्षेत्र (Right of Way) निर्धारण गरी कार्यान्वयन भएको हुनेछ।
- १.६ ५ वर्ष भित्र घरधुरीमा बिद्युत सेवा पुगेको हुनेछ।
- १.७ ५ वर्ष भित्र घरधुरी इन्टरनेट सेवाको पहुँच भित्र हुनेछ।
- १.८ ५ वर्ष भित्र निर्माण हुने सबै किसिमका सार्वजनिक पुर्वाधारहरु बालमैत्री, लैगिक मैत्री, अपांगता मैत्री र वातावरण मैत्री मापदण्डका आधारमा मात्रै निर्माण भएको हुनेछ।
- १.९ १० वर्ष भित्र सडक किनारमा वृक्षारोपण तथा हरितपट्टिहरु (Green Belt) निर्माण भएका हुनेछ।
- १.१० १० वर्ष भित्र वर्ष भित्र मुख्य सहरी क्षेत्रमा खानेपानीका पाइप, ढल तथा सबै प्रकारका तारहरु भूमिगत रुपमा व्यवस्थित गरिएको हुनेछ।
- १.११ ५ वर्ष भित्र वर्ष भित्र सबै नदी र खोला प्रणाली फोहोरमैला र दिसापिसावबाट मुक्त भएका हुनेछ।
- १.१२ ५ वर्ष भित्र वर्ष भित्र सडकमा सडक बत्तिको व्यवस्था भएको हुनेछ।
- १.१३ १० वर्ष भित्र प्रत्येक घरधुरीले खबर गरेको १५ मिनेट भित्र एम्बुलेन्स सेवा प्राप्त भएको हुनेछ।
- १.१४ ५ वर्ष भित्र वर्ष भित्र कम्तिमा एउटा टर्मिनल सहितको बसपार्क संचालनमा आएको हुने।
- १.१५ ५ वर्ष भित्र २ वटा सवारी साधन क्षमताको पार्किङ स्थलको व्यवस्था भएको हुन।
- १.१६ ५ वर्ष भित्र गाउँपालिकामा ३०० जना क्षमताको सभागृह सञ्चालन भएको हुनेछ।
- १.१७ ५ वर्ष भित्र बर्ष भित्र शहरी तथा ग्रामीण यातायात प्रणाली एक अर्कासँग जोडिएका तथा प्रतिस्पर्धात्मक, सुबिधायुक्त, सुरक्षित र व्यवस्थित रुपमा संचालन भएको हुनेछ।
- १.१८ ५ वर्ष भित्र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ परिपालना भएको हुनेछ।
- १.१९ ३ वर्ष भित्र सबै पूर्वाधार निर्माणको क्रममा गुणस्तर सुनिश्चत गर्ने व्यवस्था भएको हुनेछ।
- १.२० ३ वर्ष भित्र प्रमुख बजार केन्द्रहरुमा कृषि उपजको बजारमूल्य दैनिक रुपमा राखेको हुनेछ।
- १.२१ ३ वर्ष भित्र प्रत्येक पसलमा उपभोक्ता मूल्यसूची राखिएको हुनेछ।



नरबहादुर पुन
अध्यक्ष

१.२२ ३ वर्ष भित्र वर्ष भित्र कम्तिमा एउटा आधुनिक र व्यवस्थित पशु बधशाला संचालनमा भएको हुनेछ।

१.२३ ३ वर्ष भित्र पशुपंक्षी व्यवस्थापन सम्बन्धी मापदण्डहरु परिपालना गर्ने गराउने व्यवस्था भएको हुनेछ।

## २. आर्थिक विकासः

२.१ १ वर्ष भित्र स्थानीय तहको केन्द्रमा कम्तिमा एउटा बैंक संचालनमा आएको हुनेछ ।

२.२ ३ वर्ष भित्र सबै नागरिकहरुको बैंक खाता भएको हुनेछ।

२.३ ३ वर्ष भित्र कम्तिमा एउटा नमुना एकिकृत बस्ती विकास हुनेछ।

२.४ ५ वर्ष भित्र प्रत्येक वस्तीस्तरमा कम्तीमा ५ वटा लघु उद्यम संचालनमा आएको हुनेछ।

२.५ ५ वर्ष भित्र कम्तीमा ३ वटा स्थानीय कच्चा पदार्थमा आधारित ठुला उद्योग सञ्चालनमा आएको हुनेछ।

२.६ ५ वर्ष भित्र बाह्य लगानीको उपयुक्त् वातावरण तयार भई लगानी २५ प्रतिशतले अभिबृद्धि भएको हुनेछ।

२.७ ५ वर्ष भित्र प्रत्येक परिवारमा कम्तिमा एकजना पूर्ण रोजगार हुनेछ।

२.८ ५ वर्षभित्र २ वटा सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थलको विकास भएको हुनेछ।

२.९ १ बर्षमा कम्तिमा २ पटक प्रत्येक पसलको बजार अनुगमन भएको हुनेछ।

२.१० १ बर्षमा होटल, रेष्टुरा, बार, भोजनालय र चमेनागृह आदिको पूर्बाधार सेवा र खाद्य गुणस्तर सुनिश्चित गर्न वर्षमा कम्तिमा २ पटक प्रत्येक पसलको निरीक्षण र अनुगमन भएको हुनेछ।

२.११ ५ वर्ष भित्र खेतियोग्य जमीनमा सिंचाई सुविधा पुगेको हुनेछ

२.१२ ३ वर्ष भित्र एक गाउँ एक उत्पादन लागू हुनेछ।

२.१३ ३ वर्ष भित्र दुग्धजन्य उत्पादनमा १० प्रतिशत बृद्धि भएको हुनेछ।

२.१४ ३ बर्ष भित्र १०० विगाह जमीनमा सहकारी खेति प्रणाली विकास भएको हुनेछ।

२.१५ ३ बर्ष भित्र वैदेशिक रोजगारीबाट प्राप्त आयमध्ये कम्तिमा ५० प्रतिशत बरावरको रकम उत्पादनमूलक व्यवशायमा लगानीको वातावरण तयार भएको हुनेछ।

२.१६ ३ बर्ष भित्र मासु, अन्डा, फलफुल, तरकारी र दुग्ध पदार्थमा २५ प्रतिशत उत्पादन बृद्धि भएको हुनेछ।

२.१७ ३ बर्ष भित्र वित्तीय संस्थामार्फत कृषि बिमा भएको हुनेछ।

२.१८ ३ बर्ष भित्र वित्तीय संस्थामार्फत पशु बिमा भएको हुनेछ।

२.१९ २ बर्ष भित्र पहिचान भएको कृषि पकेट क्षेत्रमा कृषि, बागबानी, मत्स्यपालन, मौरीपालन आदि गर्न कृषकहरु प्रेरित भएका हुनेछ।

## ३. सामाजिक विकास

३.१ ३ बर्ष भित्र हरेक घरधुरीको पारिवारिक विवरण (Household Folder)अद्यावधिक र सुरक्षित भएको हुनेछ।

३.२ २ बर्ष भित्र पूर्ण व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, वसाइसराई, सम्वन्ध विच्छेद) भएको हुनेछ।

३.३ ३ वर्ष भित्र सबैको लागि निशुल्क आधारभूत स्वस्थ्य सेवाको सुनिश्चतता भएको हुनेछ।



नरबहादुर पुन
अध्यक्ष

३.४ ५ वर्ष भित्र नागरिकले बढीमा १५ मिनेटभित्र आकस्मिक स्वास्थ्य सेवाको सुविधा निरन्तर प्राप्त गरेका हुनेछ।

३.५ ३ वर्ष भित्र स्थानीय तहमा कम्तिमा १५ सैयाको सुविधासम्पन्न अस्पताल संचालनमा आएको हुनेछ।

३.६ ३ वर्ष भित्र कम्तिमा २५ प्रतिशत शिशु तथा बालबालिकाको लागि दिवा स्याहार केन्द्रको सुविधा उपलब्ध भएको हुनेछ।

३.७ १ प्रत्येक बर्ष वाल स्वास्थ्य, महिला स्वास्थ्य एवं सुलभ स्वस्थ्य सेवाको प्रत्याभूतिका लागि २ वटा घुम्ति स्वास्थ्य सिविर संचालन भएको हुनेछ।

३.८ २ वर्ष भित्र सबै नागरिकले प्राथमिक उपचार बिधिको जानकारी पाएका हुनेछन।

३.९ २ वर्ष भित्र मातृ मृत्युदर २५ प्रतिशतले घटेको हुनेछ।

३.१० ५ वर्ष भित्र ५० प्रतिशत नागरिकले स्वस्थ्य वीमाको सुबिधा प्राप्त गरेका हुनेछन।

३.११ ३ वर्ष भित्र गर्भ रहेको दिनदेखि हजार दिनसम्म गर्भवति महिला तथा शिशुका लागी पोषण सुनिश्चितता गरिएको हुनेछ।

३.१२ २ वर्ष भित्र व्यक्तिगत र सामुदायिक सरसफाइ शिक्षा बारे सबै नागरिक जानकार हुनेछन।

३.१३ २ वर्ष भित्र विद्यालय वालमैत्री भई पढाई निरन्तर र गुणस्तरीय रुपमा संचालन भएको हुनेछ।

३.१४ ३ वर्ष भित्र युवा जनशक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गरेको हुनेछन।

३.१५ २ वर्ष भित्र अपांगता भएका व्यक्तिहरुले निशुल्क माध्यमिक शिक्षा हासिल गरेका हुनेछन।

३.१६ २ वर्ष भित्र देखी बिद्यालय उमेर समुहका ८० प्रतिशत बालबालिका निरन्तर बिद्यालय गएका हुनेछन।

३.१७ २ वर्ष भित्र सत प्रतिशत नागरिकहरु साक्षर हुनेछन।

३.१८ ३ वर्ष भित्र सबै बिद्यालयमा कम्प्युटरको माध्यमबाट पढाई भएको हुनेछ।

३.१९ २ वर्ष भित्र वालवालिकालाई माध्यमिक शिक्षासम्म अध्ययनको सुनिश्चितता गरिएको हुनेछ।

३.२० २ बर्ष भित्र प्रत्येक अभिभावकले आफ्ना वालवालिकालाई विना भेदभाव समानस्तरको शैक्षिक अवसर उपलब्ध गराएका हुनेछ।

३.२१ ३ बर्ष भित्र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कम्तिमा निजी विद्यालय सरह भएको हुनेछ।

३.२२ २ वर्ष भित्र अति बिपन्न, विपन्न दलित, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गरिएको हुनेछ।

३.२३ ३ वर्ष भित्र "एक विद्यालय एक खेल मैदान संचालनमा आएको हुनेछ।

३.२४ ३ वर्ष भित्र "एक स्थानीय तह एक खेलकुद ग्राम" संचालनमा आएको हुनेछ।

३.२५ ४ वर्ष भित्र वालमैत्री स्थानीय तह घोषणा भएको हुनेछ।

३.२६ ३ वर्ष भित्र वातावरण मैत्री स्थानीय तह घोषणा भएको हुनेछ।

३.२७ ३ वर्ष भित्र अपाङ्गमैत्री स्थानीय तह घोषणा भएको हुनेछ।

३.२८ १ वर्ष भित्र खुल्ला दिसामुक्त स्थानीय तह घोषणा भएको हुनेछ।

३.२९ ३ वर्ष भित्र घरभित्रको धुवाँमुक्त स्थानीय तह घोषणा भएको हुनेछ।

३.३० २ वर्ष भित्र बालश्रममुक्त स्थानीय तह घोषणा भएको हुनेछ।

३.३१ २ वर्ष भित्र जेष्ठ नागरिकमैत्री स्थानीय तह घोषणा भएको हुनेछ।

३.३२ २ वर्ष भित्र मानब बेचबिखन मुक्त स्थानीय तह घोषणा भएको हुनेछ।

३.३३ २ वर्ष भित्र छुवाछुतमुक्त स्थानीय तह घोषणा भएको हुनेछ।



नरबहादुर पुन
अध्यक्ष

३.३४ ३ वर्ष भित्र अवैध मदिरा निषेधित स्थानीय तह घोषणा भएको हुनेछ।

३.३५ ३ वर्ष भित्र वाल विवाह उन्मुलनको घोषणा भएको हुनेछ।

३.३६ २ वर्ष भित्र निरक्षरता उन्मुलन क्षेत्र घोषणा भएको हुनेछ।

३.३७ २ वर्ष भित्र जुवातास मुक्त स्थानीय तह घोषणा भएको हुनेछ।

३.३८ २ वर्ष भित्र पूर्ण खोपयुक्त क्षेत्र घोषणा भएको हुनेछ।

३.३९ ५ वर्ष भित्र प्रत्येक घरधुरीमा गुणस्तरीय खानेपानी पुगेको हुनेछ।

३.४० ३ वर्ष भित्र ३ वटा सार्वजनिक शौचालय निर्माण भएका हुनेछ।

३.४१ २ वर्ष भित्र गाँउपालिकामा एक जनयौद्धा 'संग्रहालय संचालनमा आएको हुनेछ।

३.४२ ५ बर्ष भित्र शतप्रतिशत नागरिक सामुदायिक संस्थामा आवद्ध गरी सीप र उद्यमशिलता प्रबर्धन गरिएको हुनेछ।

३.४३ ३ बर्ष भित्र प्रत्येक वडाका कम्तिमा एक सामुदायिक पुस्तकालय वा E-Library स्थापना भएको हुनेछ।

३.४४ ३ बर्ष भित्र एक वडा एक सामुदायिक सूचना केन्द्र नियमित संचालनमा आएको हुनेछ।

३.४५ २ बर्ष भित्र सामाजिक, धार्मिक, सांस्कृतिक कुरीतिहरु बिरुद्धको अभियान संचालन भएको हुनेछ।

---

## ४. वातावरण तथा विपद् व्यवस्थापनः

४.१ २ बर्ष भित्र भौगर्भिक नक्सा प्रकाशन भई कार्यान्वयनमा आएको हुनेछ।

४.२ २ बर्ष भित्र एक वडामा कम्तिमा एक पोखरी निर्माण तथा संरक्षित भएको हुनेछ।

४.३ ५ बर्ष भित्र शत प्रतिशत क्षेत्रफलमा संरक्षित वन क्षेत्रको बिस्तार र प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

४.४ ३ बर्ष भित्र कम्तीमा *"एक वडा: एक नर्सरी"* स्थापना गरी सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी हरियाली परवर्द्धन गरेको हुनेछ।

४.५ २ बर्ष भित्र प्रत्येक बस्तीमा कम्तिमा एक सार्बजनिक खुल्ला क्षेत्र घोषणा गरी संरक्षण गरिएको हुनेछ।

४.६ ३ बर्ष भित्र कम्तिमा एक संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन गरिएको हुनेछ।

४.७ २ बर्ष भित्र हरेक बस्तीमा फोहोरको बर्गीकरण गरी उचित व्यवस्थापन भएको हुनेछ।

४.८ ३ बर्ष भित्र मापदण्डले तोके बमोजिम प्लाष्टिकको झोला प्रयोगमा पूर्णतया बन्देज लगाइएको हुनेछ।

४.९ ३ बर्ष भित्र जलवायु परिवर्तनको जोखिम पहिचान गरी न्यूनीकरणका उपाय अपनाई जीविकोपार्जनसँग आवद्ध गरिएको हुनेछ।

४.१० २ बर्ष भित्र पानीका मुहानहरुको अभिलेख राखी उक्त स्रोतका दीगो संरक्षण गरिएको हुनेछ।

४.११ २ बर्ष भित्र विपद् जोखिम क्षेत्र तथा बस्तीहरूको संकटासन्नताको पहिचान र नक्साङ्कन भएको हुनेछ।

४.१२ २ बर्ष भित्र एक विपद व्यवस्थापन केन्द्र स्थापना भएको हुनेछ।

४.१३ ५ बर्ष भित्र सबै असुरक्षित, अव्यवस्थित, अनधिकृत, अनियन्त्रित आदि बस्ती सुरक्षित स्थानमा स्थानान्तरण तथा व्यवस्थापन भएको हुनेछ।

४.१४ २ बर्ष भित्र भूमिहिन, सुकुम्वासी अव्यवस्थित बसोवासीको लगत तयार गरी ५ बर्ष भित्र उचित व्यवस्थापन गरिएको हुने।



नरबहादुर पुन
अध्यक्ष

४.१५ ३ बर्ष भित्र मुक्त कमैया, मुक्त हलिया, हरुवा, चरुवा, कमलरी आदिको पुनःस्थापन सम्बन्धी कार्य सम्पन्न गर्ने।

४.१६ ५ बर्ष भित्र शत प्रतिशत घरधुरीमा कम्तिमा एक वैकल्पिक उर्जाको प्रयोग भएको हुनेछ

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्ली, रुकुम (पश्चिम) नेपाल २०७३

## ५. संस्थागत विकास, सेवाप्रवाह तथा सुशासनः

**५.१** सभा तथा कार्यपालिकाका निर्णयहरु ३ घण्टा भित्र सार्वजनिक हुनेछ।

**५.२** १ बर्ष भित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्य मन्त्रालयबाट उपलब्ध नमूना कानुन बमोजिम आवश्यक कानून स्वीकृत गरी लागू भएको हुनेछ।

**५.३** प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहमा हस्तान्तरण भई आएका (विद्यालय भवन, स्वास्थ्य केन्द्र/उपकेन्द्र भवन, कृषि पशु सेवा केन्द्रका भवन, अन्य सरकारी र सामुदायिक भवन, जग्गा जमीन, पूर्बाधार, सम्पन्न योजना, आयोजना वा कार्यक्रम) आदिको विवरण अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ।

**५.४** प्रत्येक आ.व.को पहिलो चौमासिकभित्र स्थानीय तहका गैर सरकारी सामाजिक संघ संस्थाको विवरण अद्यावधिक गरी सर्ावजनिक भएको हुनेछ।

**५.५** ४ बर्ष भित्र स्थानीय तहको कार्यालय परिसर, सम्पदा, सर्ावजनिक, ऐलानी, पर्ती जग्गा, सर्ावजनिक भवन, भौतिक पुर्वाधार, स्थानीय बजार, पार्किङ्गस्थलको प्रभावकारी सुरक्षा, संरक्षण र व्यवस्थापन भएको हुनेछ।

**५.६** ३ बर्ष भित्र सूचना प्रविधिको प्रयोग गरी स्थानीय तथ्यांक अध्यावधिक र संरक्षण गरिएको हुनेछ।

**५.७** ३ बर्ष भित्र अनलाइन (Online) पद्धतिवाट व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा उपलब्ध भएको हुनेछ।

**५.८** २ बर्ष भित्र सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवाहरु छिटो छरितो रुपमा निरन्तर प्रवाह भएको हुनेछ।

**५.९** आवश्यक कागजात र प्रक्रिया पुगेको दिन घरको नक्सा पास भएको हुनेछ।

**५.१०** चौमासिक रुपमा विकास निर्माण र सार्वजनिक सेवा आदिको सार्वजनिक सुनुवाई गरिएको हुनेछ।

**५.११** आफ्नो सबै कार्यको प्रत्येक चौमासिक र वार्षिक प्रगित प्रतिवेदन सार्वजनिक भएको हुनेछ।

## ६. बजेट, योजना तथा वित्तीय व्यवस्थापन

६.१ प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा १५ प्रतिशत अभिबृद्धि भएको हुनेछ।

६.२ प्रत्येक आर्थिक बर्षभित्र सवै बिषयक्षेत्र समेटी आवधिक योजना तयार भई सर्ावजनिक भएको हुनेछ।

६.३ आवधिक र रणनीतिक विकास योजनाको आधारमा मात्र वार्षिक विकास योजनाहरु तर्जुमा भइ संचालनमा रहेका हुनेछन।

६.४ मध्यकालीन खर्च संरचना तर्जुमा भई प्रत्येक बर्ष परिमार्जन भएको हुनेछ।

६.५ प्रत्येक आर्थिक बर्षको अन्त्यमा सबै पेश्की फछ्र्यौट भएको हुनेछ।

६.६ प्रत्येक आर्थिक बर्ष अन्तिम लेखा परीक्षण हुँदा असुल गर्नुपर्ने बेरुजु शुन्य भएको हुनेछ।



नरबहादुर पुन
अध्यक्ष

६.७ प्रत्येक आर्थिक बर्ष अन्तिम लेखा परीक्षण हुँदा नियमित वा सम्परीक्षण बेरुजु शतप्रतिशत (बढीमा एक प्रतिशत) भएको हुनेछ।

६.८ प्रत्येक आ.व. को पहिलो चौमासिकभित्र सुशासन अभिबृद्धि, सदाचार परबर्धन सम्बन्धी नीतिगत व्यवस्था स्वीकृत भई लागू भएको हुनेछ।

६.९ प्रत्येक आ.व. को पहिलो चौमासिकभित्र श्रोत नक्सांकनसहितको पाश्र्वचित्र अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ।

६.१० २०७४/७५ आर्थिक बर्ष भित्र सडक गुरु योजना तयार भई कार्यान्वयन भएको हुनेछ।

६.११ १ बर्ष भित्र सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन भएको हुने, आदि

५६. **अन्त्यमा**, सानीभेरी गाउँपालिकाको नीति कार्यक्रममा प्रस्तुत वजेट तर्जुमा गर्न महत्वपुर्ण सुझाप गर्नु हुने संघीय प्रतिनिधि सभाका माननीय सदस्यज्यु कर्णाली प्रदेशका माननीय मन्त्री तथा सभा सदस्यज्युहरु, कार्यापालिका तथ गाँउसभाका माननीय सदस्यज्युहरु, विभिन्न राजनीतिक दलका नेताज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। वजेटको छलफलका क्रममा सुझाव दिनुहुने स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत विषयगत वरिष्ठ कर्मचारीहरु, निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजिवीहरु, सामाजिक संघ संस्थाहरु, पत्रकार तथा गाँउपालिका भित्र र बाहिर रहनु भएका दिदीबहिनी दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

## धन्यवाद।।

**सानीभेरी गाउँपालिका अध्यक्ष श्री नर बहादुर पुन बाट प्रमाणीकरण मितिः २०७५/०४/२५**



नरबहादुर पुन
अध्यक्ष